वर्ष : २१, अंक : १८, काठमाडौं, २०८२ भाद्र २७ गते शुक्रबार, 12 September, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# ‘भ्रष्टाचारविरुद्धको जनआन्दोलनको माग : संविधानअनुसार तत्काल अन्तरिम सरकार’

काठमाडौं । हालै सम्पन्न जेनेरेसन-जेड पुस्ताद्वारा सुरु गरिएको सामाजिक सञ्जाल प्रतिबन्धविरोधी तथा भ्रष्टाचारविरुद्धको ऐतिहासिक जनआन्दोलनले मुलुकलाई नयाँ मोडमा ल्याएको छ। मुलुकभित्र मात्र नभई अन्तर्राष्ट्रिय समुदायबाट समेत ऐक्यबद्धता पाएको यस आन्दोलनले नेपाली जनतामा, विशेषत: युवापुस्तामा, राजनीतिक चेतना र स्वच्छ शासनप्रतिको दृढ आकांक्षा उजागर गरेको छ।

तर, आन्दोलनले दिएको स्पष्ट जनादेशअनुरूप संवैधानिक प्रक्रियामा अघि बढ्नुपर्ने जिम्मेवार निकायहरू ढिलासुस्ती गरिरहेको आरोप उठेको छ। यस ढिलाइका कारण मुलुक संक्रमणकालीन अनिश्चिततामा फसिरहेको र संविधानविरोधी तथा अवसरवादी शक्तिहरूलाई बलियो बनाउन सक्ने खतरा बढेको राष्ट्रिय एकता अभियानले जनाएको छ।

संविधानको धारा २ ले “सार्वभौमसत्ता र राज्यसत्ताको स्रोत नेपाली जनता हुन्” भनेर घोषणा गरेको छ भने धारा ३ ले नेपाललाई “सार्वभौमसत्तासम्पन्न, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणराज्य” को रूपमा सुनिश्चित गरेको छ। अभियानले यिनै संवैधानिक प्रावधानलाई आधार मानेर तत्काल कदम चाल्न सरकारलाई आग्रह



गरेको छ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले विज्ञप्तिमार्फत पाँच बुँदामा आफ्नो धारणा सार्वजनिक गरेका छन्।

तत्काल अन्तरिम सरकार गठन - संविधानअनुसार मार्गचित्र तय गरी ढिलाइ नगरी अन्तरिम सरकार गठन गर्नुपर्ने।

भ्रष्टाचारविरुद्ध कठोर कानुनी कारबाही - ठूला-साना, पदधारी वा पूर्वपदधारी सबैलाई छानबिन गरी कानुनी दायरामा ल्याउनुपर्ने।

समावेशी शान्ति र स्थिरता - सम्पूर्ण समुदायलाई समेट्दै संघीय हिन्दू गणतन्त्र स्थापना अबको ऐतिहासिक आवश्यकता रहेको।

संविधान र व्यवस्थामाथि प्रहार अस्वीकार्य - संविधानविरोधी गतिविधिलाई कुनै हालतमा सफल हुन नदिने।

असंवैधानिक चलखेलको विरोध - भ्रष्टाचार ढाकछोप गर्ने वा लाभका लागि असंवैधानिक क्रियाकलाप गर्ने प्रयासलाई प्रत्यक्ष प्रतिवाद गर्ने।

यादवले मुलुकको स्थिरता, पारदर्शी राजनीतिक उत्तरदायित्व र संविधानको सर्वोच्चतालाई नै भ्रष्टाचारमुक्त, न्यायपूर्ण र समृद्ध नेपाल निर्माणको आधारशिला हुने बताएका छन्।

# जेनजी आन्दोलनमा भएको दमनप्रति भर्त्सना



काठमाडौं । नेपालको इतिहासमा पहिलो पटक जेन-जेड युवा पुस्ताले सुशासन, भ्रष्टाचार नियन्त्रण, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, राजनीतिक स्थिरता, न्याय र परिवर्तनका लागि थालिएको आन्दोलनले ऐतिहासिक विजय हासिल गरेको छ। नेपाल सङ्घीय समाजवादी पार्टीले यसलाई “सम्पूर्ण नेपाली जनताको सपना र युवाहरूको बलिदानको विजय” भन्दै हार्दिक बधाई तथा शुभकामना दिएको छ। पार्टी अध्यक्ष मोहम्मद रिजवान अन्सारीले जारी गरेको विज्ञप्तिमा आन्दोलनका क्रममा अमूल्य जीवन अर्पण गर्ने सहिदप्रति श्रद्धाञ्जली र सहिद परिवारप्रति गहिरो संवेदना प्रकट गरिएको छ। विज्ञप्तिमा घाइते युवाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ।

पार्टीले जेन-जी युवा पुस्ता द्वारा गरिएको शान्तिपूर्ण आन्दोलनमा निरंकुश सरकारले गरेको कुरूर दमन , अत्यधिक बल प्रयोग र हत्याको घोर निन्दा तथा भर्सना गरिएको छ। विज्ञप्तिमा स्मरण गराइएको छ कि समानता, स्वतन्त्रता, सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय र नागरिक स्वतन्त्रताजस्ता उपलब्धिहरू उपहार होइनन्, यी त नेपाली जनताको लामो सङ्घर्ष, सहिदहरूको रगत, युवाको त्याग र तपस्याको उपलब्धि हुन्। पार्टीले यी उपलब्धिहरूको रक्षा गर्दै अझ नयाँ उपलब्धिको बाटो खोल्न निरन्तर संघर्ष जारी राख्नुपर्नेमा जोड दिएको छ।

तर, आन्दोलनको क्रममा अस्वाभाविक, अपाच्य र दुखद घटनाहरू पनि घटेका भन्दै पार्टीले गहिरो चिन्ता प्रकट गरेको छ। संसद भवन, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय, सिंहदरबार, राजनीतिक दलका कार्यालय, सञ्चार माध्यम र अन्य सार्वजनिक सम्पत्ति जलाइएका छन्। निजी सम्पत्तिमाथि पनि आक्रमण भएको छ। पार्टीले स्पष्ट पारेको छ– “यस्ता घटनाहरू न्याय र परिवर्तनका लागि लडिरहेका सच्चा आन्दोलनकारी युवा हरुले घटाउन सक्दैनन् भन्ने कुरामा दृढ विश्वस्त छौं। ” यसलाई आन्दोलनलाई बदनाम गर्ने अतिवादी र प्रतिगमनकारीहरूको षड्यन्त्र मान्दै पार्टीले तत्काल छानबिन गर्न माग गरेको छ।

विज्ञप्तिमा भनिएको छ– “आजको आवश्यकता भनेको आन्दोलनरत परिवर्तनकारी युवा पुस्तालाई सम्मानपूर्वक समेटी, संविधानसम्मत तरिकाले संसदलाई कायम राख्दै तत्काल अन्तरिम सरकार गठन गरी मुलुकलाई सहज निकास दिनु हो। यही बाटोले मात्र सहिदहरूको सपना र जनताको आशा पूरा गर्न सक्छ।”

पार्टीले वर्तमान संवेदनशील परिस्थितिमा सबै दल, नागरिक समाज, सञ्चारकर्मी र आम जनतालाई धैर्यता, संयम र संवादको बाटो रोज्न आह्वान गरेको छ। “शान्ति, सहिष्णुता, कानूनी शासन र राजनीतिक स्थायित्वलाई दृढ बनाउनु आजको साझा जिम्मेवारी हो” विज्ञप्तिमा भनिएको छ।

अन्त्यमा, पार्टीले चेतावनी दिएको छ कि मौकाको फाइदा उठाउँदै प्रतिगमनकारी र अतिवादीहरूले षड्यन्त्र गर्न सक्ने सम्भावना छ। त्यसैले संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रका पक्षधर सबै अग्रगामी शक्तिहरू, नागरिक समाज, आम जनता र आन्दोलनरत पक्ष एकजुट भई नयाँ र न्यायपूर्ण नेपाल निर्माणतर्फ अघि बढ्न पार्टीले हार्दिक आह्वान गरेको छ।

# अस्पताल विकास समितिमा कर्मचारी युनियन गठन



जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत “अस्पताल विकास समिति कर्मचारी युनियन, ट्रेड युनियन संघ, प्रादेशिक अस्पताल इकाई समिति, जनकपुरधाम” को नयाँ कार्यसमिति सर्वसम्मतिले चयन गरिएको छ । हालसम्मको कार्यकाल सम्पन्न भई श्रम विभागमा दर्ता भइसकेको यस युनियनले विधानअनुसार निवर्तमान कार्यसमितिलाई धन्यवादसहित बिदाई गर्दै नयाँ कार्यकालका लागि कार्यसमिति गठन गरेको हो । नयाँ कार्यसमितिको अध्यक्षमा डा.अनिल कुमार ठाकुर, उपाध्यक्षमा डा. राजेश कुमार शाह, सचिवमा अजित कुमार तिवारी, सह-सचिवमा ई. पवन कुमार महतो र कोषाध्यक्षमा किरण यादव रहेका छन् ।

यसैगरी, सदस्यहरू डा. रमेश यादव, डा. कुन्दन मिश्र, रुबी साह, विभा कर्ण, पुनम ठाकुर, कौसिल्या तिमिसिना, विना साह, अशोक कुमार यादव, श्रीचन मण्डल र बंकर मेस्तर चयन भएका छन् । त्यस्तै, सल्लाहकार समितिमा पूर्व अध्यक्ष डा. रबिन्द्र कुमार सिंह र कानूनी सल्लाहकार श्री एम. के. झा रहने निर्णय गरिएको छ । यसैगरी, निजामती कर्मचारी बाहेक मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत सम्पूर्ण कर्मचारीलाई बिधान अनुसार सदस्यता शुल्क लिएर सदस्यता वितरण गर्ने निर्णय समेत सर्वसम्मतिले गरिएको छ।

बैठकले प्रादेशिक अस्पताल जनकपुरधामका स्वीपर पदमा कार्यरत दिवंगत कर्मचारी भोला कुमार राउत (मेस्तर) को असामयिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै एक मिनेट मौनधारणसहित श्रद्धाञ्जली अर्पण गर्ने निर्णय पनि गरेको छ। कर्मचारीहरुको हक-अधिकार र कर्तव्यबारे बैठकले आगामी दिनमा युनियनले कर्मचारीहरुको हक, अधिकार र कर्तव्यलाई अझ प्रभावकारी बनाउन विशेष ध्यान दिने प्रतिबद्धता जनाएको छ ।

# ‘अबको निकास भनेको नै नयाँ सरकार र नयाँ संविधान हो’

काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले अबको निकास भनेको नै नयाँ सरकार र नयाँ संविधान भएको बताएका छन् ।

उनले अहिलेको संकटको एकमात्र सही निकास “लुटेरा भगौडाहरूको दलाल दलतन्त्रको अन्त्य, जनपक्षिय अन्तरिम सरकार र जननिर्वाचित संस्थाको सर्वोच्चतासहितको नयाँ संविधान” आजको आवश्यकता भएको औंल्याएका छन् ।

उनले जेन जी पुस्ताको अगुवाईमा भएको जनआन्दोलनलाई नेतृत्वको फेस चेन्जमा मात्र सिमिति गर्ने षड्यन्त्र भइरहेको भन्दै गुनासो



पोखेका छन् । जेन जी आन्दोलनले चाहेको समग्र बदलाव हो भन्ने साहले जनाएका छन् ।

आजपा अध्यक्ष साहले फेशबुकमा लेखेका छन्, ‘जेन जी पुस्ताको अगुवाइमा भएको जन आन्दोलनलाई नेतृत्वको फेस चेन्जमा मात्र सिमित गर्ने षड्यन्त्र भइरहेको छ, जबकी आन्दोलनले चाहेको समग्र बदलाव होस लुट भ्रष्टाचारको अन्त्य र अवस्थामा सुधार हो । तपाई हामी सबैलाई थाहा छ, फैक्ट्री जस्तो हुन्छ उत्पादन त्यस्तै हुन्छ । अर्थात, गलत सिस्टम, संरचना र नेतृत्वका कारण देशको यो दुरगति भएको हो । भ्रष्टाचार केन्द्र सरकारमा मात्र हैन, अन्य ७६० सरकार अर्थात् प्रदेश र स्थानीय सरकारमा पनि भ्रष्टचार व्याप्त छन । यो सार्वभौम सत्यलाई स्वीकार्नुको सट्टा युवाहरुलाई ललिपप दिएर झुक्याउने जुन प्रयास भइरहेको छ, त्यो हामीलाई स्वीकार्य छैन । जेन जी भाई बहिनीहरुलाई भन्न चाहन्छु, सतहमा रमाउने हैन, समस्याको गहिराईमा पुगौ । समस्याको सामाधान सिर्फ नेतृत्वमा हैन, व्यवस्थामा खोजौ । नत्र तपाई हामीले गरेको जनक्रान्तिको औचित्य इतिहासमा पुष्टि गर्न गाह्रो हुनेछ । अहिलेको संकटको एक मात्र सही निकास “लुटेरा भगौड़ाहरूको दलाल दलतन्त्रको अन्त्य, जनपक्षिय अन्तिरिम सरकार र जननिर्वाचित संस्थाको सर्वोचता सहितको नया संविधान” आजको आवश्यकता हो । यसर्थ, सबैले भनौं ’नयाँ सरकार र नयाँ संविधान’ धन्यवाद ।’

# ‘राजनितिक लेनदेन हुने खतरा रहेकोले सचेत हुन आवश्यक छ’

लोसपा नेपालको प्रिय मित्रहरु,

हार्दिक अभिबादन

देश गम्भिर परिस्थितिबाट गुज्रिरहेको कुराको हामी सबै साक्षी छौ । हाम्रो पुस्ताले थालनी गरेको परिवर्तनको संकल्प अधुरो रह्यो भनेर हाम्रो उत्तराधिकारी Gen –Z पुस्ता आन्दोलित हुँदा नेपाल आमाको १९ जना बीर सपुतहरुले शहादत दिएको बिदितै छ। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै केहि निवेदन गर्दछु ।

१. Gen –Z पुस्ताले भ्रस्टाचार निर्मूल गर्न गरेको संघर्षलाई पूर्णतया समर्थन गर्ने ।

२. लोसपाको मित्र एवं आम नागरिकलाई आवश्यक पर्दा सक्दो मद्दत गर्ने ।

३. लोसपा तथा अन्य राजनितिक दलको मित्रहरु सँग निरन्तर सम्पर्कमा बस्ने ।

४. आफ्नो वरिपरि अराजक गतिबिधिहरु भए सुरक्षा निकाय सँग समन्वय गरि नियन्त्रणमा सहयोग गर्ने ।

५. भ्रस्ट र भ्रस्टाचार जन्य गतिबिधिमा सुन्य सहनशीलता अपनाउने ।

६. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल -२०७२ को संबिधान कायम रहेको कुराको पक्षीय सम्वाद गर्ने ।

७. संघीयता, गणतन्त्र, बहुदलीय प्रतिस्पर्धा, बहुलवाद, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायालय, र धर्म निरपेक्षता नेपाली जनताको वर्षौंको संघर्ष र हजारौको बलिदानी बाट प्राप्त भएकोले त्यसमा कुनै समझौता नगर्ने ।

८. हाम्रो पुस्ता थुप्रै परिवर्तनको सम्वाहक तथा साक्षी रहेको हुनाले राजनीतिको कठिन भन्दा कठिन परिस्थिति समेत समय अनुकूल परिवर्तन हुने गर्दछ। तसर्थ हतोत्साहीत हुने सवाल नै छैन बरु अझ आत्मबल बलियो बनाई परिवर्तनको दिशामा अगाडी बढ़ने ।

९. देशको सार्वभौमिकता कमजोर भएको छ । बाहिरी शक्तिहरुको तछाड़ - मछाडले राजनितिक लेनदेन हुने ख़तरा रहेकोले सचेत हुन आवश्यक छ ।

१०. अराजक्ता, लुट्पाट, आगजनि र हिँसा,! Gen– Z पुस्ताले गर्ने सवाल नै आउदैन । जेल तोर्ने, कैदी स्वयम् बाहिर निस्किने जस्ता कार्य अवाञ्छित तत्वहरुले गरेको प्रस्ट भैसकेको छ ।

११. सचेतना, अग्रगामी सोच र सामूहिकता एवं नेपालीको एकताले मात्रै हामी सुन्दर, साझा, साझा र समृद्ध नेपाल बनाउन सक्छौ ।



डा.सुरेन्द्र झा
महासचिव, लोसपा नेपाल

## सम्पादकीय

# किन उठिरहेको छ प्रदेश खारेजीको माग ?

प्रादेशिक संरचना सञ्चालन गर्न आवश्यक नीति, नियम, कानुन निर्माणमा ढिलाई, प्रशासनिक भवन सञ्चालनको व्यवस्थापनमा उदासीनता, कर्मचारी व्यवस्थापन, प्रदेशको मागलाई बेवास्ता आदि विषयमा अहिले प्रदेश र संघीय सरकारबीच द्वन्द्व बढेको छ । लगभग सबै प्रदेश सकरारहरूले यस्ता विषयमा केन्द्र सरकारले उदासीनता देखाएका कारण प्रदेशले काम गर्न नपाएको गुनासो गर्छन् ।

नीति, नियम, कानुनमा संघले नै ढिलाई गर्दा प्रदेशले योजनाहरू अगाडि बढाउन नपाएको मुख्यमन्त्रीहरूको गुनासो छ । प्रादेशिक संरचना तयार भएसँगै कर्मचारीको अभाव अहिलेसम्म पनि कायमै छ । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय नभए संघीयता कार्यान्वयन गर्न कठिन हुन्छ ।

देश संघीयतामा गइसकेपछि प्रदेश सरकारहरूको काम, कर्तव्य र अधिकारका विषयमा संघीय सरकारले खुम्चाउने काम गरेको भन्दै हालै पोखरामा भेला भएका सात मध्ये ६ मुख्यमन्त्रीहरूले एकै स्वरमा गुनासो पोखेका हुन् । सबै मुख्यमन्त्रीहरूले संघीय सरकारले प्रदेश सरकारको काम खोस्ने काम गरेको तर्क गरे ।

मुख्यमन्त्रीहरूको पोखरा भेलाले संघीय सरकार र प्रदेश सरकारबीच ग्याप देखिएको महसुस हुन्छ । यद्यपी प्रदेश सरकारले शून्यबाट काम थाल्नु परेको र आफू उभिनुपर्ने आधार आफैंले बनाउनुपर्ने अवस्था रहेकाले ठूलै चुनौती व्यहोर्नु परेको छ । यस्तो अवस्थामा केन्द्र सरकारको सहयोग बिना प्रदेश सरकार संचालन हुन सक्दैन । तर केन्द्रले प्रदेशलाई सहयोग नगरेको मुख्यमन्त्रीहरूको गुनासोलाई सतही रूपमा मान्न सकिदैन ।

सिंहदरबारमा बसेर सम्पूर्ण अधिकार आफैं राख्छु भन्ने मनस्थितिले समस्या उत्पन्न गराएको छ । अहिले संघीयता कार्यान्वयन नहोस् भन्नेहरूको मनोबल वृद्धि भएर टाउको उठाएर, तीनवटै तहका सरकारहरूलाई अप्ठ्यारो पार्ने, विरोध गर्ने खालका गतिविधि हुन थालेका छन् । यसका लागि केन्द्र र प्रदेशसँगै जानुपर्ने आवश्यकता रहेको छ । यदि प्रदेश सरकारले गति लिन सकेनन् भने संघीयताको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ । देशको शासन व्यवस्था बदलिए पनि मानसिकता नबदलिएकोले प्रदेश सरकारलाई काम गर्न समस्या आएको छ ।

वास्तवमा संसारमा भएका संघीयताभन्दा फरक अभ्यास नेपालमा भएको हो । किनभने अरू देशमा दुईवटा तह छ भने नेपालले तीन तहको संघीयता कार्यान्वयन गरिरहेको छ । यस्तो अवस्थामा कुनै पनि प्रदेश र अन्तरसरकार एकअर्काका प्रतिस्पर्धी नभइ परिपूरक हुनुपर्छ । प्रदेश तह कमजोर भयो भने संघीयता पनि कमजोर बन्न सक्छ । नेपालको संविधानले प्रदेशलाई अधिकार र दायित्वका हिसाबले शक्तिशाली बनाएको छ । तर केन्द्रकै उदासिनताले प्रदेश कमजोर भइरहेको छ ।

प्रदेशमा प्रमुख जिल्ला अधिकारीको भूमिका स्पष्ट नभएकोले पनि समस्या उत्पन्न भएको हो । अहिले पनि सुरक्षा, विकास निर्माण र जिल्लाको प्रमुख सिडिओ नै छ । शान्ति सुरक्षाको जिम्मा प्रदेशमा आउनु पर्छ । प्रदेशको सुरक्षाको जिम्मा प्रदेश प्रहरीलाई दिनुपर्छ । प्रमुख जिल्ला अधिकारी केन्द्रीय सरकारको आदेशमा चल्ने भएकाले उसले प्रदेश सरकारको आदेश नमान्दा अर्को द्वन्द्वको सिर्जना भएको छ । प्रदेशले दिने बिदालाई अस्वीकार गरिनु भनेको प्रदेश सरकारको महत्वलाई काम आंकलन गर्नु नै हो तर यस विषयमा केन्द्रले कुनै पहल गरेको छैन । त्यसैले देशमा व्यवस्था बदलिएर पनि कर्मचारीतन्त्रको मानसिकता बदलिन सकेको छैन ।

त्यसैले संविधान कार्यान्वयनको सन्दर्भमा देखा परेका र प्रदेश सरकारले भोगेका समस्याका बारेमा छलफल गरेर निकासको बाटो खोजिनु पर्छ । प्रदेशलाई समस्याको पोको बनाएर मात्र हुँदैन, केन्द्रले समाधानका लागि पहल पनि गर्नुपर्छ । यसका लागि संविधानको धारा २३४ मा भएको संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्को बैठक तत्काल बस्नुपर्छ ।

प्रदेश सरकार बनेपछि सीडीओको अधिकार प्रदेशमा दिएर प्रदेशलाई झन् बलियो बनाउनु पर्छ । यस्तै, नागरिकता, राहदानी, सिफारिस र सीमा सुरक्षाबाहेक सबै अधिकार प्रदेशमा रहने व्यवस्था हुनुपर्छ ।

# जेनजिको आन्दोलन र अबको निकास



केशव झा

आदरणीय दिदिबहिनी तथा दाजुभाइहरु,
विगत ५/६ वर्ष अघि नै हामीलाई महशुस भयो पुरातन शैली र यथास्थितिवादबाट मुलुक अगाडि बढ्न सक्दैन। राज्यको चरित्र नै एकल, नश्लिय र औपनिवेशिक भयो। विचार नै आयातित, अवैज्ञानिक भएपछी हामीले हाम्रो कला, साहित्य, दर्शन, संस्कृति, सभ्यता, भेषभुषा, भाषा, खानपान, रहनसहन, पिता पुर्खाले दिएको ज्ञान् सबै गुमायौं। राज्यको सिद्धान्त र राज्यको शासनकला न बदि्लकन न देश विकास हुन सक्छ न हाम्रो संस्कृति, सभ्यता, दर्शनको रक्षा हुनसक्छ न त राष्ट्रिय एकता नै बलियो बन्छ। नेपाल विविधतै विविधताले भरिएको देश हो यहाँ सयौं भन्दा बढी राष्ट्रियताले बसोबास गर्छन तर एउटै समुदायका व्यक्तिहरु राज्यको हरेक अंगमा हाबी छ। विश्व मै राजनीतिक तहल्का मचाएको पुस्तक क्ल्यास अफ सिभिलाइजेसन जसका लेखक हावर्ड युनिभर्सिटीका प्रोफेसर स्याम्युल पी हंगटिङ्टन थिए उनले लेखेका थिए एकाइसौं सताब्दीको वैश्विक राजनीति भनेको सभ्यताको राजनीति र आन्तरिक राजनीति भनेको जातीय राजनीति हुने बताएका थिए। विश्वका कैयौं मुलुकहरुले हाम्रो देशमा भए जस्तै विविधतालाई सम्बोधन गर्न बहुलराष्ट्रिय राज्यको अवधारणालाई अंगिकार गरेका छन जस्तो कि बोलिभिया, इथोपिया, इक्वेडर, क्यानाडाहरुमा यस्तै भावले समाज व्यवस्था गरिएको छ। हामीले पनि आफ्नो देशको विविधतालाई सम्बोधन गर्न बहुलराष्ट्रिय राज्यको अवधारणालाई अंगिकार गर्न सकिन्छ। राज्यको संरचना, राज्यको सिद्धान्त र राज्यको शासनकला परिवर्तन नगरी देश बनाउन सकिदैन। जसअनुसार सांस्कृतिक सापेक्षतावादको राजनीतिक दार्शनिकीमा र सामुदायिक समाजवादको अर्थ राजनीतिको सिद्धान्त तहत अगाडि बढ्न सकियो भने नेपालले फड्को मार्न सक्छ। आजको दिनमा देशको कुनै क्षेत्र आशलाग्दो छैन, कोई एकजना जनता पनि खुशी छैनन। त्यसकारण उत्पीडिनमा रहेका सबै पक्षको मुक्तिको निम्ति एउटा सामुहिक आन्दोलन वा क्रान्तिको आवस्यकता रहेकोले हामीले त्यसको नाम राष्ट्रिय मुक्ती आन्दोलन भनेको हो। जस्को निम्ति विगत डेढ वर्षदेखि हामी योजनावद्ध तरिकाले काम गरिरहेका छौं।
जेन जि पुस्ताको विगत केहि समयदेखिको तैयारी र शासकवर्गको मोनोपोली र तानाशाहीको कारण २०८२ भाद्र २३ र २४ गते जेन जि पुस्ताको क्रान्ति सम्पन्न भएको छ। यस आन्दोलनमा हामीले हाम्रा पार्टीका साथीहरूलाई निःस्वार्थ भावका साथ समर्थन र सहयोग गर्न भनेका थियौं र राजधानी लगायत देशको विभिन्न ठाउँमा हाम्रा साथीहरू सहभागी भएको शान्तिपुर्ण आन्दोलन गरेको फोटो र भिडियो हामीसंग सुरक्षित पनि छ। जस्को बदलामा हामीलाई पार्टीगत रुपमा कुनै उपलब्धि चाहिएको छैन तर राम्रो काम गरोस भने आशा गरेका छौं। क्रान्तिको उपलब्धि संस्थागत गर्न प्रयास गरिदैछ। नेपालमा मुख्य रुपमा प्रमुख तीन मुल अर्थात आदिवासी जनजाती, मधेशी र खसआर्य बसोवास गर्दछन। तर नेपाल राज्य बनेदेखि एउटै नश्ल र एउटै समुदायले बारम्बार अवसर लिएका छन । त्यसकारण यदि पुरानै व्यवस्था, पुरानै पुस्ता र राज्यको कुनै एउटा अंगमा टेस्टेड पुरानै व्यक्तिहरुलाई नै अवसर दिइयो भने के यो परिवर्तनलाई परिवर्तन मान्न सकिन्छ?फेरि नेवार, तामाङ, मधेशी, लिम्बू, मुस्लिम, शेर्पा, किराँत राई, गुरुङ, मगर, खस, थारु, दलित, महिलाहरुले अवसर नपाउने हो भने यस्तो परिवर्तनको के काम? जबसम्म यो देशका सबै राष्ट्रियताले अपनत्व महशुस गर्दैनन न देश समृध बन्छ न राष्ट्रिय एकता बलियो हुन्छ। एक त दुई दिने आन्दोलनमा जसरी अनैतिक, अमर्यादित र विध्वंसकारी घटनाहरु भएको छ त्यसको समिक्षा गर्न बांकी नै छ। त्यसको जिम्मेवारी कस्ले लिने निरिक्यौल निकाल्न पनि बाँकी नै छ। हुनत राजनीति भनेको शान्तिपुर्ण युद्ध हो र युद्ध भनेको हिंसात्मक राजनीति हो भनिन्छ। युद्ध र प्रेममा सबै कुरा जायज पनि मानिन्छ। सिंगापुरको देश निर्माणको अभियानबाट धेरै थोक सिक्न सकिन्छ। सिंगापुर बनाउने संकल्प लिएपछी त्यांहाका दुरदर्शि र कद्दावर नेता लि क्वान युले केही मान्यताहरु स्थापित गरे। जस्तै कि सिंगापुरको बारेमा भनियो यो देश तीन मुलवासी अर्थात चाइनिज मुल, मलेय मुल र भारतीय मुलको साझा देश भनियो र सबै ठाउँमा तीनवटै मुललाई समान अवसर दिइयो ता की राष्ट्रिय एकतालाई बलियो बनाउन सकियोस, कम्युनिस्ट र क्रिश्चियनलाई अघोषित रुपमा निशेध गरियो ता कि आफ्नो संस्कृति, सभ्यता,दर्शन र पहिचानलाई जोगाउन सकियोस र आर्थिक उन्नति प्रगतिको निम्ति बिजनेस हब बनायो र हेर्नुस आज सिंगापुर कहाँ पुगिसक्यो र हामी कहाँ छौं?
अहिले नै जुनप्रकारको अलमल र अन्यौल देखिएको छ यस्ले भविस्यको यात्रा जेन जिको कठिन देखिन्छ। संयम र सुझबुझका साथ निर्णयहरु गरिएन भने प्रतिक्रान्तिको संभावना पनि उतिकै देखिन्छ। यस्ता क्रान्ति र आन्दोलन पछि इतिहासमा के के भएको छ त्यस्को अध्ययन पनि जरुरी छ। जेन जि पुस्ताको आन्दोलनले जडा गाडेर बसेको एकलकाडे प्रवृति र एकतर्फी रुपमा राज्य संचालन गरिरहेका शासकवर्गको अहंकारलाई ध्वस्त बनाई दिएको छ जसलाई जोगाउनु चुनौतीपूर्ण पनि छ।
अन्त्यमा, यदि जेन जिले गरेको आन्दोलनले नेपाली जनताको संघर्ष, बिद्रोह र बलिदानीबाट प्राप्त गणतन्त्र, संघीयता, समावेशीता जस्ता उपलब्धिहरु उल्टिने स्थिती भयो, पुरानै शैलीबाट शासनसत्ता चल्ने स्थिति भयो र पुरानै पुस्ताले फेरि अवसर पायो भने भयानक प्रतिक्रान्तिको सामना गर्नुपर्ने स्थिती सृजना हुन सक्छ।राजनीतिमा ज्ञानसत्ताको धेरै महत्व हुन्छ। त्यसकारण सुझबुझ र विवेकी निर्णय होस।
अदरणीय साथीहरू,
स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादको मार्गनिर्देशक सिद्धान्त अनुसरण गरेका र राष्ट्रिय मुक्ति क्रान्तिको संकल्प लिएका हाम्रा साथीहरूलाई किंचित पनि विचलित नहुन र धैर्यताका साथ परिस्थितिको सामना गर्न आग्रह



राष्ट्रिय साप्ताहिक मधेशवाणी



# नवीन नेपाल निर्माणको लागि अपिल



## राजेन्द्र महतो

### अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल

प्रिय जेन-जी (Gen Z) पुस्ता, र सम्मानित जनसमुदाय,

अहिलेको ऐतिहासिक क्रान्तिमा शहादत गरेका सबैलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। शोकसंतप्त परिजनामा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरू छिटो स्वस्थ हुन् भन्ने कामना कामना गर्दछु । म यो विद्रोहमा युवा पुस्ताले देखाएको नेतृत्व र साहसलाई सम्मान गर्दछु।

भ्रष्टाचार, अन्याय र कुशासन विरुद्धको तपाईंहरूको संघर्ष नेपालको भविष्यका लागि अत्यावश्यक छ। यो आन्दोलन तपाईंहरूको पुस्ताको साहस र जागरूकताको प्रतीक हो ।

भ्रष्टाचार, कुशासन, र सामाजिक-आर्थिक असमानताले थिचिएको यो देशमा तपाईंहरूले परिवर्तनको बिगुल फुकेर नयाँ युगको सुरुवात गर्नुभएको छ । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र ओली एवं शासकहरूको अहंकारले यो विद्रोहको ट्रिगर बने पनि, यसको पछाडि लामो समयदेखि संचित असन्तुष्टिको पहाड छ- संविधान निर्माणमा मधेश र आदीवासी जनजातिको किनारीकरण,दुईतिहाइ कम्युनिस्ट सरकारको असफलता, भ्रष्टाचार काण्ड लुकाउने, आर्थिक संकट, खोला तथा सडक मापदण्ड, सहकारी ठगीपीडित, मुक्कुमलुंग लगायत संघर्ष र बारम्बारका अनैतिक सत्ता समीकरणजस्ता कुराहरूले जनताको धैर्य तोडिएको हो ।

यी सबै बेथिति विरुद्ध तथा हरेक प्रकारको विभेदको अन्त्य, सभ्यता अनुकुल शासन पद्दती र सुशासन एवं समृद्धिको निम्ति भनेरै गतवर्ष देखि राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गरी निरन्तर संघर्षरत छु । लोकतन्त्र र नागरिक अधिकारको सवालमा भएका २०४६ र २०६२/२०६३ यसपछीको मधेश विद्रोह लगायतका आन्दोलनहरुमा सक्रिय पुर्वक सहभागी छु। तपाईहरुको यस एतिहासिक आन्दोलनमा पूर्ण समर्थन सहभागिता जनाउदै म र म संलग्न रहेको पार्टीका समुर्ण पक्ति सहभागी एवं अगुवाई गरेकै हो। यद्दपी यो विद्रोहको नेतृत्वकर्ताको श्रेय पाउन हकदार भने पूरापूरा 'जेनजी' नै हो।

'जेन जी' पुस्ताले आफ्नो अहिलेसम्मको जीवनमा नेतृत्व, राज्य र सरकारवाट भ्रष्टाचार बाहेक केही सुन्न,कुशासन बाहेक केही भोग्न पाएको थिएन । यी संस्थालाई उनीहरू भ्रष्टाचार र कुशसानको प्रतिक मानेर नै भत्काउन पुगेका हुन्।

प्रिय जेन-जी पुस्ता,

आजसम्म संसारमा जहा पनि परिवर्तन भएको छ, यहाहरुको पुस्ताले नै गरेर सम्भव भएको हो। कुन पुस्ताले के गर्ने भनेर हाम्रो पूर्वीय सभ्यता एवं दर्शनहरुले स्पष्ट नै भनेको छ। मानव जीवनको वास्तविकतालाई आत्मसात् गर्दै ज्ञान, कर्तव्य, त्याग र अध्यात्मका आधारमा जीवनका चार अवस्थालाई चार आश्रम- "ब्रम्हमचर्य", "गृहस्थ","वानप्रस्थ" र "संयास का रूपमा व्यवस्थित गरिएको छ। यस परिवेशमा मेरो पुस्ताले निर्वाह गर्ने भूमिका प्रति सचेत नभएर पनि तपाईहरुमा यो आक्रोस उत्पन्न भएको हो। वानप्रस्त एवं संयासको अर्थ निस्कृय हुनु होइन । तसर्थ म सचेतता पुर्वक यहाहरुलाई केहि सुझाव दिन चाहन्छु । मलाई यो पनि ज्ञात छ कि म मधेशको नागरिक भएकोले नै म विरुद्ध ओली डक्ट्रिन( घिर्णा भाष्य) को प्रभाव अहिलेको पुस्तामा पनि परेको हुनुपर्छ तर यस प्रभावबाट मुक्त रहनु होला ।

तपाईहरुको पुस्ताले चाहेको विभेदको उन्मुलन तथा सुशासन अहिलेको सत्ता संरचनाबाट सम्भव नै छैन ।

र यतिको कुर्वानी, खरबौंको क्षति केवल सत्ता परिवर्तनको निम्ति मात्र भए देश र जनताले यथार्थमा केहि पाउनेवाला छैन, तपाईको पुस्ताको महान क्रान्ति व्यर्थ जानेछ।

तसर्थ अब अहिलेको संरचना, चेतना र समाजको पुनर्निर्माणको समय हो । मौजुदा औपनिवेशिक, जातिवादी, पूँजीवादी र उपभोक्तावादी संरचनाले राष्ट्रको राजनीतिलाई मात्र होइन,समाजको आत्मालाई पनि विकृत बनाएको छ। त्यसैले, जेन-श क्रान्तिको उपलब्धि सम्पुर्ण रूपान्तरणको निम्ति हुनुपर्दछ। यत्रो उर्जा खेर जान दिनु हुन्न, ताकी फेरि अर्को पुस्ता लडनु नपरोस्।

अब के गर्ने अन्यौल छ, कहा पुग्ने अनिश्चित छ। अहिले "अनिश्चितता र भ्रमको अवस्था" छ। यो अवस्थाले हाम्रो समाज र राष्ट्रमा गहिरो असर पुर्‍याउँदैछ। यसले नेपाली समाज भित्र ठूलो विचलनको स्थिति पैदा भएको छ। हामीले अनुभव गर्यौ यथास्थितिमा रहेको लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, र समृद्धिको नाममा केवल एकल वर्ण, वर्ग र समूह एवं तिनको परिवारको सेवा गरिरहेको छ। यसले उत्पीडित, उपेक्षित, र बहिष्कृतहरूलाई परिधिमा थप धकेल्ने काम गरिरहे। सामाजिक, सांस्कृतिक, राजनीतिक, र आर्थिक क्षेत्रहरूमा देखिएका चुनौतीहरूप्रति अब हाम्रो दृष्टिकोण केवल प्रतिक्रियात्मक मात्र होइन बरु अवसर खोज्ने र समाधान प्रस्तुत गर्ने खालको हुनुपर्छ। यसका लागि अब नयाँ सोच, वैकल्पिक दृष्टिकोण र रणनीतिक कदमहरू आवश्यक छन्।

गोर्खाका राजा पृथ्वी नारायण शाहको राज्य विस्तार र त्यसपछि सुगौली सन्धि एवं नयाँ मुलुकको प्राप्ति पश्चात वर्तमानको नेपाल निर्माण हुन् सकेको हो । यसरी गोर्खा राज्य विस्तार हुदा अनेकौ सार्वभौम राज्य सहित विविध संस्कृति पनि यस सरहद भित्र रहन गयो। तत्काल विद्रोह नहोस भनेरै राजा पृथ्वी नारायण शाहले निर्दिष्ट गरे "नेपाल चार जात छत्तिस वर्णको साझा फुलवारी हो, सबैलाई चेतना भया" । तर त्यसपछिका कुनै शासकमा उक्त चेतना आउन सकेन । नेपाल स्थिर रहन नसक्नुको प्रारम्भ यहि बाट भएको हो ।

यहाँका शासकले आफ्नो बाहेक सबै सँस्कृतिलाई सिध्याउन्ने प्रयास गरे, असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे। शाह राजाहरुको शासन केवल बंशको निम्ति, राणाहरुको शासन जहानको निम्ति, प्रजातन्त्रदेखि गणतन्त्रसम्मको शासन केवल एउटा नश्लको निम्ति गौरवको सत्ता हुन गयो। तर यो एक भ्रमपूर्ण आत्मगौरवयुक्त सत्ता थियो। अझ पश्चिमा ज्ञानको प्रभावमा परेर आधुनिकताको नाममा शासकले आफ्नै संस्कृती समेतलाई संकटमा पारे, जसलेगर्दा नेपाली समाज आज विघटनको संघारमा पुगेको छ। पृथ्वीनारायण शाहले जगाउन खोजेको चेतना उनका बंश, जहाँनिया राणा शासक र नश्लीय सम्भ्रान्तहरुमा आउन सकेन।

नेपालमा लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास, र समाजवादका नाममा उठाइएका बहसहरू सम्भ्रान्त वर्गको झूट, फरेब, र जनतालाई झुक्याउने प्रपञ्च सावित भए । खस-आर्य, पहाडी आदिवासी र मधेशी थारु, दर्जनौं राष्ट्र (जाती/संस्कृती) समूहहरूको उपस्थितिले मुलुकलाई विविधतायुक्त बनाएको छ । तर, यी सबै समुदायलाई समान अधिकार र सम्मानसहितको साझा देश बनाउन असफल हुँदैगर्दा विभाजन र असमानता कायम छ । समाजमा एकता र समता सुनिश्चित गर्न नसक्नु नै देशका समस्याहरूको मूल जड हो ।

प्राकृतिक स्रोतहरूको ह्रास, सांस्कृतिक बहुलताको अस्वीकार, र स्वदेशी ज्ञानको उपेक्षाले हाम्रो राष्ट्रलाई कमजोर बनाएको छ। हाम्रो मनोविज्ञान नै मगन्ते बनाइदियो, पहिचान र स्वाभिमान गुम्यो, सभ्यता र संस्कृती दबाइयो, सुशासन र समृद्धीका सपना भत्काइयो। यस्तो विशाल ध्वंसकारी कार्यको नेतृत्व राजा महाराजाहरु र तत्पश्चात काँग्रेस र कम्युनिष्टहरुले गरे। आज उनीहरुका कारण हाम्रो सभ्यता संस्कृतिलाइ असभ्य भनियो, बहुलता, पहिचानलाइ इन्कार गर्ने काम भयो, हाम्रो उन्नत ज्ञान मास्ने काम भयो, हामीलाई पश्चिमा र विदेशमुखी बनाइयो। यहाँका स्वदेशी बहुल ज्ञान ( दर्शन, कला, साहित्य, सौन्दर्यता ) को संहार भयो, बहुल समाज व्यवस्थालाई निषेध गरे, ऐतिहासिक बहुल राष्ट्रहरुलाई राज्यविहिन बनाए । प्रकृतिको विनास गरायो। यसर्थ पश्चिमा ज्ञानले यावत समस्याहरुको सामना गर्नु त परको कुरा, समस्याको सिर्जनाकर्ता नै आफै रहेको प्रमाणित नै भइसक्यो । अत: अब पूर्वीय सभ्यतामा आधारित रहेको स्वदेशीय दर्शन मार्फत 'स्वदेशवाद'को पुन:स्थापन जरुरी भइसकेको छ।

समस्या कहाँ छ ?

१) संविधान निर्माणको क्रममा दुश्मन देशका दुश्मन नागरिक सरह वर्वरतापुर्ण दमन गरे । ६ महिनासम्म जनताले प्रतिरोध गरि रहे, बलिदान दिई रहे, मलाइ मारेर फाले तपाईहरुको आन्दोलन जस्तै अन्धाधुन्द गोलि प्रहार भएपछी बाध्य भएर सिमानाका तिर जानु पर्यो, मानवीय क्षति केहि कम भएपनि आन्दोलनलाई निर्मम ढंगले दबाइयो । त्यसपछि समाजिक न्यायको आन्दोलन पनि अगाडि बढन सकेन। निरन्तर आन्दोलनरत रहेका लिम्बुवान लगायत अन्य आदिवासी जनजातिहरुको पहिचानवादी आन्दोलन पनि निष्कर्षमा पुग्न सकेन ।

खासमा शासन पनि एकल नश्लीय र त्यस बिरुद्धको आन्दोलन पनि एकल आयामिक भएकोले नै उत्पिडनमा परेका जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेन, देश पनि बन्न सकेन । अब गहिरो संकथन गरी हिमाल, पहाड, तराई मधेसका अधिकार एवं पहिचानवादी सम्पूर्ण उत्पीडितहरुको अवाजलाई संस्थागत गर्नुपर्दछ ।

२) संस्कृतिको आधारमा राष्ट्रवादको निर्माण र त्यसमै आधारित राजत्व हासिल हुन नसकेको हुनाले नै राज्यसत्ताको स्थिरता रहेन, देश विकासको निरन्तरता छैन, सार्वभौम र स्वतन्त्र देशको हैसियतमा राष्ट्रिय दृष्टिकोण बन्न सकेन,देश र जनता पर-शासीत र पर-निर्भर भए ।

हामीले स्पष्ट रुपमा देखिरहेका छौं कि राज्य र समुदायवीच अलगाव र सम्बन्ध विच्छेदको मनोविज्ञान तीव्र रुपमा बढीरहेको छ । यसलाई नरोक्ने हो भने देश गम्भीर दुर्घट्नामा पटक पटक फस्न सक्छ । राजनीतिक अस्थिरता र आर्थिक ठहराव भएर देशमा सुशासन कायम हुन् सकेको छैन र सम्वृद्धि हासिल गर्न सकेको छैन । यो दलदलबाट मुलुकलाई निकाल्न अनिवार्य छ । गहिरो संकथन गर्दा राष्ट्र/संस्कृति र राज्यत्व विचको सम्बन्धबाट नै समृद्धि प्राप्त हुन्छ भन्ने निष्कर्ष संसारभरीको अनुभवले दिन्छ । नोबेल पुरस्कार प्राप्त बिभिन्न अर्थशास्त्री समेतले समावेशी संस्थाहरूको आवश्यकता एवं साँस्कृतिक समुह र समृद्धि बिचको प्रत्यक्ष सम्बन्ध हुने कुरा भनेका हुनाले सुशासन र समृद्धि चाहनेहरु संयुक्त रुपमा एकतावद्ध भई देशको वर्तमान ४०-४२ बिलियनको अर्थतन्त्रलाई आर्थिक क्रान्ति मार्फत १५ वर्ष भित्र ५०० बिलियन सम्मको जिडिपी पुर्याउन अनिवार्य भएको छ । यसले गर्दा अहिलेको प्रति व्यक्ति आय सात गुणाले बढने छ, रोजगारी १५ गुणाले बढने छ । यस पुनित कार्यको निमित्त समुदायको मौलिक ज्ञान, सिप, कलाको व्यवसायिकरण गरी स्वदेशी उत्पादनलाई बढावा दिने, बाह्य पुँजी भित्र्याउने, निर्यात बढाउने, आयात घटाउने लक्ष्य तर्फ पुर्याउन यो क्रान्तिको उपलब्धि हुनु पर्दछ ।

३) नेपालको राजनीति स्वदेशीय मौलिक सभ्यताबाट विमुख भई पश्चिमा ज्ञान र दर्शनमा आधारित हुँदा हाम्रो सभ्यता, मूल्य,र पहिचान कमजोर हुँदै गयो । स्वदेशीय जरा काटिएपछि नेपाली समाज परनिर्भर बन्यो, युवाहरू विदेश पलायन भए, कोहि पनि देशमा बस्न चाहेका छैनन् । नेपालको संविधान २०७२ पनि पश्चिमा ज्ञानसत्ताको आधारमा बनेको औपनिवेशिक दस्तावेज, जसले न जनताको स्वाभिमान प्रतिनिधित्व गर्न सक्यो, न त सार्वभौम राष्ट्रको आधार निर्माण गरे । यसले बरु राज्य र समुदायबीच अलगाव बढाएर समाजलाई खण्डित गरिरहेको छ । पश्चिमा ज्ञान र सत्तामा आधारित आधुनिक विकासको नाममा हाम्रो मौलिकता, सभ्यता, र स्रोतहरूको विनाश भएको छ । विश्व सामु केवल उपभोक्ता बनाए । वस्तुको उपभोक्ता, संस्कृतिको उपभोक्ता, ज्ञानको उपभोक्ता जहाँ हाम्रो आफ्नो केहि रहेन । त्यसैले पराई र परको देश नै प्यारो लाग्न थाल्यो।

यो समस्या केवल प्राविधिक नभई गहिरो वैचारिक संकट हो, जसले नेपाली जनताको स्वत्व र राजनीतिक दर्शनबीच खाडल सिर्जना गरेको छ । आयातित मार्क्सवादी र पूँजीवादी विचारहरूले नै स्थानीय सभ्यता र मूल्यहरूलाई कमजोर बनाउँदै यहाँको राजनीतिक संरचना औपनिवेशिक बनाएको छ । राजनीतिक हिसावले नेपाली समाज दोधारबाट लामो समय देखी गुज्रिरहेको थियो । अब यो क्रान्तिले यस्तो औपनिवेसिक संविधानलाई प्रतिस्थापन गर्न सक्नुपर्दछ ।

कसरी अगाडी बढने ?

१) आन्दोलनको क्रममा धेरै ठूलो मानवीय, आर्थिक र भौतिक क्षति भएको छ । कुनै न कुनै प्रक्रियाबाट त्यसको क्षतिपूरण हुनुपर्दछ। शहिद परिवारलाई यथोचित सहयोग गरिनु पर्दछ । घाइते, अपाङ्गको उपचार र सहयोगको व्यवस्था गर्न नयाँ शासनले कुनै कसर र पूर्वाग्रह राख्न हुँदैन ।

२) जेन जी आन्दोलनको भावना अनुरुप अन्तरिम सरकार गठन उचित हुनेछ । मौजुदा प्रतिनिधिसभा रहे सम्म आन्दोलनकारिको भावना अनुकूल अन्तरीम सरकार गठन हुने सम्भावना देखदीन ? नयाँ शासनले संवैधानिक सुधारका विषय ठहर गर्दै राज्य पुन: संरचना सम्बन्धि आयोग लगायतको सुझाव समेत ग्रहण गर्ने गरी "संविधान सुझाव सुधार आयोग" बनाएर संबिधान पुनर्लेखन गरिनु पर्दछ।

३) दलहरुले आजसम्मका गल्तीका लागि गम्भीर आत्मसमीक्षा र श्वेतपत्र जारी गरी नागरिकसँग माफी माग्नु पर्दछ । विगत दुई दशक यताका भ्रष्टाचार काण्ड र अवैध सम्पत्तिको छानविन गर्न एक उच्चस्तरीय नागरिक आयोग बनाइनुपर्दछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग विघटन गरी जनलोकपालमा परिणत गर्नुपर्छ । त्यसको प्रतिवेदनका आधारमा सबै ठग, भ्रष्टाचारी र अवैध सम्पत्तिवालालाई अभियोजन गरी न्यायको कठघरामा उभ्याइनुपर्दछ। यति गर्न सके यो जेनजी विद्रोह, आन्दोलन र क्रान्ति सफल भएको मान्नुपर्ने हुन्छ।

आदरणीय मित्रगण,

हाम्रो प्रयास अब केवल पुराना संरचनाहरूलाई टालटुल वा सामान्य सुधारबाट होइन, तसर्थ अब नया नेपाल- साझा नेपाल निर्माणमा केन्द्रित हुनुपर्छ ।

नेपाल राज्यको प्राकृतिक सत्ता भनेको बहुल राष्ट्रिय हो । त्यसैले अब समाजको स्वत्वसँग मेल नखाने वैचारिकी पराजित हुनुपर्छ, स्वदेशीय सभ्यताको जगमा आधारित प्रणाली निर्माण हुन्छ । तसर्थ: देशका सबै प्रकारका विभेद, शोषण, र अन्यायलाई अन्त्य गर्दै, सबै वर्ग, समुदाय, जात-जाति, धर्म, र क्षेत्रका अधिकार, पहिचान सहित स्वशासन, सुशासन, र समृद्धि प्रदान गर्न तर्फ यो क्रान्तिको उपलब्धि लक्ष्यित् हुनुपर्छ । विगतमा मधेशी- पहाडी( नेपाल)मा फोडेर, मुस्लिम-हिन्दु भेद, आदिवासी-मतवाली र नेपालीमा विभाजन गरेर, दलित, पिछडिएका वर्गहरू निर्माण गरेर "फोड र शासन गर" नीतिको विरुद्ध अब एकताबद्ध भएर 'जुटौं र आफ्नो सत्ता हासिल गरौं । अब हाम्रो स्वतत्व बचाउने, देश बनाउने, वैभव प्राप्त गर्ने अर्को विकल्प नै छैन । हामी सबै मिलेर नै नविन नेपाल निर्माणको सपना साकार गर्न सक्छौं ।

सबै नेपालीका लागि समान अवसरको सुनिश्चितता लगायत मौजुदा संविधानमा समेत परिवर्तन ल्याउँदै सम्पूर्ण नेपालीको साझा बनाउने, स्वदेशी जनताको राजत्वको निम्ति, सभ्यता र संस्कृतिको पुनारोत्थान, सुशासन र समृद्धिको निम्ति सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली वैभव प्राप्त गर्न सम्भव छ । तसर्थ नविन नेपाल निर्माण अभियानमा सहभागी हुन प्रिय जेनजी ( न्भल श) पुस्ताका लगायत बुद्धिजीवी एवं प्राध्यापक शिक्षक,पेशागत एवं कर्मचारी, समाजसेवी एवं पत्रकार, किसान एवं मजदुर, युवा एवं बिधार्थी, उधोगपति एवं ब्यापारी लगायत सबैमा सादर आह्वान गर्दछौं । तपाईंको योगदान स्वर्णिम युग निर्माणमा ऐतिहासिक छ, देशको मुहार फेरिने निश्चित छ । यो हामी सबैको दायित्व र अवसर दुवै हो । अब समय आएको छ, एकताबद्ध भएर अघि बढ्ने, अब जुटौं ।

स्वदेशवाद जिन्दावाद-जय मातृभूमि !

धन्यवाद ।

सम्पूर्ण उत्पीडितहरु एक होऔं ! राष्ट्र निर्माण अभियानमा अघि बढौं !

मिति: २०८२/०५/२६

# पत्रकारको सुरक्षाः पेशागत आचारसंहिता र सावधानीका उपाय



**प्रेमचन्द्र झा**

पत्रकारिता लोकतन्त्रको चौथो अंग हो भन्ने आदर्श भनाइले मात्र होइन, व्यवहारमै पनि पत्रकारको भूमिका समाजमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। जनताको आवाज बन्ने, सत्ताको निगरानी गर्ने र तथ्यमा आधारित सूचना प्रवाह गर्ने पत्रकारको पेशा चुनौतीपूर्ण मात्र होइन, जोखिमपूर्ण पनि छ। यस्तो पेशामा संलग्न व्यक्तिहरूका लागि आत्मसुरक्षा अत्यावश्यक हुन्छ।

वर्तमान सामाजिक, राजनीतिक र प्रविधिमैत्री परिवेशमा पत्रकारहरू अनेक खालका जोखिमको सामना गर्दै आएका छन्। युद्ध, महामारी, दंगा, प्राकृतिक विपत्ति, आपराधिक घटना र शक्तिशाली वर्गको विरोधका बीच पत्रकारले सत्य खोज्ने प्रयत्न गर्छन्। यस्ता संवेदनशील र जोखिमयुक्त अवस्थामा पत्रकारले आफ्नो कार्य निष्पक्ष र जिम्मेवार तरिकाले गर्न सकून् भन्ने हेतुले केही महत्वपूर्ण सावधानी र आचारसंहिता अपनाउनु जरुरी हुन्छ।

पत्रकारका लागि परिचयपत्र एउटा सुरक्षा कवच हो। यो केवल उनको पेशागत हैसियत प्रमाणित गर्ने साधन मात्र नभई आपतकालीन अवस्थामा सुरक्षा निकाय, स्थानीय प्रशासन वा सर्वसाधारणसँग परिचय गराउने औजार पनि हो। विभिन्न घटनास्थलमा प्रहरी, सुरक्षाकर्मी वा अन्य अधिकारीहरूसँगको सम्पर्कमा पत्रकार परिचयपत्रमार्फत आफ्नो उद्देश्य स्पष्ट पार्न सक्छन्। परिचयपत्र नभएको अवस्थामा पत्रकारको गतिविधिलाई संकाको दृष्टिले हेरिन सक्छ। त्यसैले चाहे रिपोर्टिङ होस् वा नियमित आवागमन, परिचयपत्र सधैं साथमा राख्नुपर्छ।

पत्रकारिता पेशामा सत्यतथ्य खोज्ने जोशले कहिलेकाहीँ सुरक्षालाई नजरअन्दाज गरिन्छ। तर, कुनै समाचारभन्दा पनि जीवनको मूल्य ठूलो हुन्छ। सत्य उजागर गर्ने प्रयास गर्दा जीवनलाई जोखिममा पार्नु बुद्धिमानी होइन। जोखिमयुक्त क्षेत्र वा घटनास्थलमा जाँदा सुरक्षाका आवश्यक उपायहरू अवलम्बन गर्नु अनिवार्य छ। उदाहरणका लागि, यदि दंगा, भिडभाड, वा अप्ठ्यारो भूगोलमा रिपोर्टिङ गर्नुपर्छ भने त्यसको लागि आवश्यक उपकरण (जस्तैः हेल्मेट, मास्क, प्रेस ज्याकेट आदि) प्रयोग गर्नु जरुरी हुन्छ। साथै, जोखिमको मूल्याङ्कन गरेर त्यस्ता क्षेत्रमा जानु अघि नियोजित योजना बनाउनुपर्ने हुन्छ। आफ्नो सुरक्षा सुनिश्चित नगरी कुनै पनि काममा होमिनु आत्मघाती हुन सक्छ।

पत्रकारहरूलाई चिनाउनका लागि विशेष डिजाइन गरिएको 'प्रेस' लेखिएको ज्याकेट वा टी-सर्ट पत्रकारको सुरक्षाका लागि थप उपाय हो। यसले सुरक्षाकर्मी र जनताबीच पत्रकारको पहिचान स्थापित गर्न मद्दत गर्छ। विशेषगरी आन्दोलन, भिडभाड, दंगा वा द्रुत गतिमा हुने घटनास्थलहरूमा पत्रकारलाई सुरक्षा दिन यो पहिचान अत्यावश्यक हुन्छ। तर, प्रेस लेखिएको ज्याकेट लगाउनु स्वयंमा सुरक्षा नहुन सक्छ। त्यसैले जोखिमको मूल्याङ्कन गर्दै, आवश्यक उपाय अपनाएर मात्र रिपोर्टिङको जिम्मेवारी वहन गर्नु उचित हुन्छ।

रिपोर्टिङका क्रममा आवतजावत गर्ने माध्यम, रुट र समयको उचित मूल्याङ्कन आवश्यक हुन्छ। अप्ठ्यारो क्षेत्र, अपरिचित स्थान वा रातको समयमा रिपोर्टिङ गर्नुपरेमा झनै सजग हुनुपर्छ। एक्लै रिपोर्टिङमा जानु भनेको सम्भावित खतरासँग एक्लै जुध्नु हो। त्यस्ता अवस्थामा कसैले सघाउन सक्दैन, उद्धार गर्न सक्दैन। तसर्थ, सम्भव भएसम्म समूहमा, सहकर्मी वा क्यामराम्यानसँगै जानुहोस्। यदि समूहमा जान सम्भव छैन भने कम्तीमा पनि तपाईंको गन्तव्य, समय र कार्य योजनाबारे कार्यालय, परिवार वा अन्य विश्वस्त व्यक्तिलाई जानकारी दिनुहोस्।

पत्रकारहरूको हकहित, सुरक्षा र अधिकारको रक्षाका लागि विभिन्न संघसंस्थाहरू सक्रिय छन्। नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, तथा स्थानीय पत्रकार समूहहरूले संकटका समयमा आवश्यक सहयोग गर्न सक्छन्। रिपोर्टिङका क्रममा कुनै अवरोध, धम्की, दुर्व्यवहार वा हिंसा भएमा तुरुन्तै यस्ता निकायसँग सम्पर्क गर्नुपर्छ। त्यसैगरी, समाचार सम्पादन कक्ष, सम्पादक, ब्युरो प्रमुख वा कार्यकारी सम्पादकसँग पनि निरन्तर सम्पर्कमा रहनु अत्यावश्यक हुन्छ। यो मात्र होइन, स्थानीय प्रशासन वा प्रहरीसँग पनि आवश्यक परेको खण्डमा समन्वय गर्न पछि नपर्नुहोस्।

सुरक्षाको एउटा अभिन्न पक्ष पत्रकारको पेशागत आचरणसँग जोडिएको हुन्छ। तथ्य नघटाइ प्रस्तुत गर्नु, पक्षपात नगर्नु, अफवाहमा विश्वास नगरी प्रमाणसहित मात्र समाचार प्रकाशन गर्नु पत्रकारिताको मेरुदण्ड हो। पक्षपाती, उत्तेजक वा झूटो समाचारले पत्रकारलाई मात्र होइन, समग्र सञ्चार जगतलाई नै संकटमा पार्न सक्छ। त्यस्ता समाचारको कारण विवाद, धम्की, आक्रमणसम्मको जोखिम आउन सक्छ। अतः स्रोतको विश्वसनीयता, जानकारीको पुष्टि र विषयवस्तुको सन्तुलन अत्यावश्यक हुन्छ। प्रमाणविना प्रकाशित समाचारले कानुनी कारबाहीको सम्भावनासमेत निम्त्याउन सक्छ। अपराध, राजनीतिगत विवाद, धार्मिक वा जातीय विषय, महिला हिंसा, बालबालिका वा यौनजन्य विषयहरू अत्यन्त संवेदनशील हुन्छन्। यस्ता विषयमा रिपोर्टिङ गर्दा सम्बन्धित व्यक्ति वा समुदायको सम्मान, गोपनीयता र कानुनी अधिकारको ख्याल राख्नुपर्छ। साथै, यस्ता विषयहरूमा रिपोर्टिङ गर्दा सम्भावित कानुनी, सामाजिक वा व्यक्तिगत जोखिमको समेत विश्लेषण गर्नुपर्छ।

भौतिक सुरक्षाजस्तै डिजिटल सुरक्षा पनि आजको युगमा अत्यावश्यक भएको छ। अनलाइन रिपोर्टिङ, सामाजिक सञ्जालमार्फत सूचना प्रवाह, इमेल, मेसेज आदिमा गोपनीयता र डेटा सुरक्षाको ख्याल गर्नुपर्छ। पासवर्ड सुरक्षित राख्ने, अज्ञात स्रोतबाट आएको फाइल वा लिंक नखोल्ने, सत्यता नपुगेका सूचना नसेयर गर्नेजस्ता सावधानी अपनाउनु जरुरी छ। कहिलेकाहीँ पत्रकारहरू साइबर हमलाको शिकार हुन्छन्, विशेषगरी विवादास्पद वा शक्तिशाली समूहबारे रिपोर्टिङ गर्दा। यस्तो अवस्थामा साइबर सुरक्षा विशेषज्ञ वा आफ्नो संस्थाको आइटी विभागसँग समन्वय गर्नु राम्रो हुन्छ।

पत्रकारले आफ्नो पेशागत दक्षता बढाउनु मात्र होइन, संकट व्यवस्थापन, आपतकालीन प्रतिक्रिया, सुरक्षात्मक उपाय र जोखिम मूल्याङ्कनसम्बन्धी तालिम लिने अभ्यास गर्नुपर्छ। नेपालमा केही संस्थाहरूले समयसमयमा यस्ता तालिम सञ्चालन गर्छन्, जसमा सहभागी भई आत्मसुरक्षाका उपायहरू सिक्न सकिन्छ।

अन्त्यमा, पत्रकारको स्वतन्त्रता सुनिश्चित हुनु अत्यावश्यक भए पनि त्यो स्वतन्त्रतामा जिम्मेवारीको अनुभूति पनि हुनुपर्छ। प्रेस स्वतन्त्रता भनेको मनपरी गर्ने छुट होइन; यो तथ्य, प्रमाण र निष्पक्षताको आधारमा सत्य सार्वजनिक गर्ने अधिकार हो। यदि पत्रकारले आफूमा निहित अधिकारको दुरुपयोग गरे भने त्यो आफ्नै सुरक्षामा खतरा बन्न सक्छ। त्यसैले, पेशागत इमानदारी, निष्ठा र समाजप्रतिको उत्तरदायित्वलाई आत्मसात गर्दै मात्र पत्रकारिता गरिनुपर्छ।

यस्तो पेशामा संलग्न हुँदा केवल समाचार सङ्कलन वा सम्प्रेषण गर्नु पर्याप्त हुँदैन; पत्रकारले आफ्नो जीवन, परिवार, संस्थागत प्रतिष्ठा र सामाजिक जिम्मेवारीको समेत ख्याल राख्नुपर्छ। पत्रकारको कलमले सरकार हल्लाउन सक्छ, अपराधलाई उजागर गर्न सक्छ, पीडितको आवाज बन्न सक्छ – तर यो सबै जिम्मेवारी सावधानीपूर्वक र सुरक्षाका उपायहरू पालना गरेर मात्र सम्भव हुन्छ।

त्यसैले पत्रकारितालाई दीर्घकालीन रूपमा सुरक्षित, विश्वसनीय र सम्मानित बनाउन चाहने हरूले सधैँ स्मरणमा राख्नुपर्ने कुरा के हो भने जीवन बिना पत्रकारिता सम्भव छैन। पहिचान स्पष्ट राख्नुपर्छ, समूहमा काम गर्दा सुरक्षा र परिणाम दुवै बलियो हुन्छन्। संकटका बेला सम्पर्क र समन्वय नै समाधान हो। पत्रकारिताको आत्मा नै सत्य, प्रमाण र निष्पक्षता हो। डिजिटल सुरक्षा अवलम्बन नगरेर आधुनिक खतरा टार्न सकिँदैन।

नेपाल र विश्वका विभिन्न उदाहरणहरूले देखाउँछन् कि सावधानी र आचारसंहिता अपनाउने पत्रकारहरू न केवल सुरक्षित रहन्छन्, उनीहरू समाजमा पनि आदर्श मानिन्छन्।

। विपद् व्यवस्थापन रिपोर्टिङ (भूकम्प, बाढी, पहिरो) मा प्रेस ज्याकेट, हेल्मेट र मास्क प्रयोग गरी जोखिमयुक्त क्षेत्र रिपोर्ट गर्ने अभ्यासले कयौं पत्रकारको जीवन बचाएको छ।

युवापुस्ताका लागि विशेष गरी पेशागत प्रशिक्षण र सुरक्षाप्रति सचेतना अत्यावश्यक हुन्छ। संस्थागत रूपमा मिडिया हाउसहरूले पत्रकारहरूको सुरक्षाका लागि ठोस कदम चाल्नु आवश्यक छ। सुरक्षा प्रशिक्षण अनिवार्य बनाउनुपर्छ, सुरक्षासम्बन्धी स्पष्ट गाइडलाइनहरू प्रत्येक पत्रकारलाई उपलब्ध गराउनुपर्छ, संकटकालीन अवस्थाका लागि 'रेपिड रेस्पोन्स टीम' गठन गर्नुपर्छ र फिल्ड तथा डेस्कका पत्रकारबीच नियमित 'सिचुएशनल ब्रिफिङ' को अभ्यास गर्नु आवश्यक हुन्छ।

आजको युगमा पत्रकारिताले नयाँ चुनौतीहरू सामना गरिरहेको छ। सामाजिक सञ्जालको द्रुत प्रभाव, फेक न्यूजको प्रवाह, कृत्रिम बुद्धिमत्ता (ब्क्ष) द्वारा सिर्जित कन्टेन्ट जस्ता चुनौतीहरू पत्रकारको सुरक्षामाथि मात्र होइन, पत्रकारिताको विश्वसनीयतामाथि नै प्रश्न खडा गर्छन्। यस्तो अवस्थामा पत्रकारले फेक न्यूजको सत्यापन गर्न जान्नुपर्छ, स्रोतको नैतिकता र गोपनीयताको रक्षा गर्नुपर्छ र आफ्नो समाचारले समाजमा पार्ने प्रभावको गम्भीर मूल्याङ्कन गर्न जान्नुपर्छ।

निष्कर्षमा, पत्रकारको सुरक्षाबिना स्वतन्त्र पत्रकारिता सम्भव छैन। एकजना पत्रकारको जीवन जोगिनु भनेको दर्जनौं सत्य उजागर हुने सम्भावनालाई बचाइराख्नु हो। त्यसैले पत्रकारहरूले आत्मसुरक्षा, पेशागत आचारसंहिता, संयम र जिम्मेवारीका सबै पक्षमा सचेत रहनु आवश्यक छ। सुरक्षा केवल शारीरिक हैन – मनोवैज्ञानिक, सामाजिक, डिजिटल, कानुनी सबै पक्ष समेट्ने व्यापक दृष्टिकोण अपनाइनुपर्छ। यदि हामी "सजग पत्रकार, सुरक्षित पत्रकार" भन्ने मूलमन्त्रलाई व्यवहारमा उतार्न सक्यौं भने मात्र पत्रकारिता सुरक्षित हुन्छ, स्वतन्त्रता टिक्छ र लोकतन्त्र बलियो बन्छ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# जेन जेड प्रदर्शन : यस्तो बनोस् अबको नेपाल

अश्विन दानी

नेपाल फेरि एउटा परिवर्तनको ऐतिहासिक मोडमा उभिएको छ। दशकौंलामो राजनीतिक संक्रमण, जनताको राज्यप्रति असफल आशा र भ्रष्टाचारले थकित जनतामा विशेषगरी नयाँ पुस्ता-जेन जेड (न्भल श) उठेर आएको छ।



सोसल मिडियामा प्रतिबन्ध, अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप, र नातावाद-भ्रष्टाचारको श्रृङ्खलाबद्ध गुनासोले यो पुस्ता सडकमा निस्कियो। 'जेन जेड आन्दोलन'ले मुलुकभर राजनीतिक चेतना र जनदबाबको नयाँ तरंग ल्यायो।

आन्दोलनको मूल कारण अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध, नातावाद-भ्रष्टाचार, र दलहरूको अकर्मण्यता नै हो।

युवापुस्ताको आक्रोश सडकमा उम्लियो, २१ जनाको ज्यानको बलिदान भयो, र अन्ततः प्रधानमन्त्रीको राजीनामासहित अन्तरिम सरकारको बाटो खुलेको छ।

अन्तरिम सरकार अस्थायी हुन्छ, तर यसले भावी राजनीतिक संस्कृतिको दिशा निर्धारण गर्छ। त्यसैले तीन आधारभूत मान्यता आवश्यक छन्।

समावेशिता : दलका अनुहार मात्र होइन, प्रष्ट छवि भएका बुद्धिजीवी, पेशेवर र युवा प्रतिनिधि अनिवार्य।

समयसीमा : अधिकतम १२ महिना, अन्तरिम सरकार आफैंमा स्थायी विकल्प होइन, निर्वाचनतर्फको पुल हो।

न्यूनतम साझा कार्यक्रम : ठूलो सपना होइन, तर तुरुन्त लागू गर्न सकिने व्यावहारिक सुधारहरू

यस्तो संरचनाले अस्थिरता घटाउँछ, विश्वास बढाउँछ, र नयाँ नेपालको सम्भावना खोल्छ।

अब प्रश्न उठ्छ-अबको नेपाल कस्तो बनाउने ?

उत्तर स्पष्ट छ-यस्तो नेपाल जसले लोकतन्त्रलाई परिपक्क बनाओस्, पारदर्शी, जवाफदेही सुशासनसहितको सरकार बनोस् जसले अबका युवा पुस्ताको भविष्य स्वदेशमा नै सुनिश्चित गर्न सकोस्।

लोकतन्त्रको पुनर्जागरण

नेपालको लोकतन्त्रले दशकौंयता संघर्ष भोगेको छ। भोट त हुन्छ, तर जनविश्वास न्यून छ। अबको सुधार यसरी हुनुपर्छ :-

निर्वाचन प्रणाली सुधार : सम्पत्ति, आपराधिक रेकर्ड र खर्च विवरण अनिवार्य खुलासा। डिजिटल प्रचारमा नियमन।

भ्रष्टाचारमाथि शून्य-सहिष्णुता : सार्वजनिक खरिदमा अनिवार्य खुला टेन्डर, फास्ट-ट्र्याक भ्रष्टाचार अदालत।

राजनीतिक नियुक्तिमा नियन्त्रण : योग्यताभन्दा नातावाद हाबी हुने प्रवृत्ति अन्त्य।

यी सुधारहरू बिना लोकतन्त्र केवल औपचारिक अभ्यासमै सीमित रहन्छ।

युवापुस्ताको माग र भविष्य

'जेन जेड' आन्दोलनले राज्यलाई स्पष्ट सन्देश दिएको छ-हामीलाई सुन्नुपर्छ, अवसर दिनुपर्छ।

त्यसैले:-

रोजगारी सिर्जना : क्ष्त, पर्यटन र कृषि-उद्योगमा युवा-केन्द्रित रोजगारी प्याकेज। स्टार्टअपलाई सीड फन्ड र कर छुट।

कौशल विकास : छोटो अवधिका तालिम-कोडिङ, हेल्थकेयर, मेकाट्रोनिक्स-स्थानीय सरकारसँग साझेदारी।

राजनीतिमा सहभागिता : मन्त्रालयस्तरका युवा सल्लाह परिषद्, प्रमुख आयोग/बोर्डमा न्यूनतम ३०% युवा प्रतिनिधित्व।

यदि यी कदम चालिएनन् भने नयाँ पुस्ताले फेरि निराशा अनुभव गर्नेछ, जसको परिणाम अझ ठूलो अस्थिरता हुन सक्छ।

डिजिटल स्वतन्त्रता र पारदर्शिता

सोसल मिडियामा प्रतिबन्ध लगाएर आन्दोलनलाई दबाउन खोज्नु नै वर्तमान संकटको मुख्य कारण बन्यो। यसैले भविष्यमा:-

डिजिटल स्वतन्त्रता ऐन : सोसल मिडिया वा इन्टरनेट बन्द गर्न अदालतको अनुमति आवश्यक।

पारदर्शिता : सरकारका हरेक निर्णय, बजेट र खरिद विवरण सार्वजनिक पोर्टलमार्फत उपलब्ध।

नागरिक सहभागिता : नीति निर्माणमा प्रत्यक्ष टिप्पणी गर्न सकिने ई-प्लेटफर्म।

यो नयाँ पुस्ताको विश्वास जित्ने आधारशिला हुनेछ।

संघीयता र स्थानीय सशक्तीकरण

संविधानले संघीयता दिएको छ तर व्यवहार अझै कमजोर छ।

अन्तरिम चरणमै: -

स्थानीय सरकारलाई प्रदर्शन-आधारित बजेट।

नागरिक सुनुवाइ र स्कोरकार्ड प्रणाली।

प्रदेश-केन्द्रबीच स्पष्ट जिम्मेवारी :यग संघीयता केवल राजनीतिक संरचना होइन, सेवा-वितरणको आधार हुनुपर्छ।

संक्रमणकालीन न्याय र मानवअधिकार

आन्दोलनमा ज्यान गुमाएकाको बलिदान राज्यले बिर्सन मिल्दैन।

स्वतन्त्र छानबिन आयोग, तीन महिनाभित्र प्रतिवेदन।

पीडित परिवारलाई तत्काल राहत र दीर्घकालीन पुनर्स्थापना।

सुरक्षा निकायमा सुधार-भीड नियन्त्रणमा संयम, बडीक्याम र स्वतन्त्र अनुगमन।

न्याय बिना नयाँ नेपालको जग कमजोर रहन्छ।

निर्वाचनतर्फको यात्रा

अन्तरिम सरकारको अन्तिम जिम्मेवारी हो-स्वतन्त्र, निष्पक्ष र विश्वासिलो निर्वाचन सम्पन्न गर्नु।

पहिलो ३ महिनाभित्र मतदाता सूची शुद्धीकरण।

६ महिनाभित्र दलको आडिट र उम्मेदवार आचारसंहिता।

१२ महिनाभित्र स्वतन्त्र निगरानीसहित निर्वाचन सम्पन्न।

यसपछि मात्र अन्तरिम सरकारको भूमिका समाप्त हुन्छ।

निष्कर्ष : नयाँ पुस्ता, नयाँ नेपाल

नेपाल अहिले निर्णायक क्षणमा छ। जेन जेड आन्दोलन केवल सरकार परिवर्तनको माग मात्रै नभएर नेपालको आगामी परिवर्तनको दिशानिर्देश गर्न सकोस्। आगामी दिनमा अन्तरिम सरकारले लोकतन्त्रलाई बलियो बनाउने, युवालाई केन्द्रमा राख्ने, डिजिटल स्वतन्त्रता सुनिश्चित गर्ने, संघीयतालाई जीवन्त बनाउने, न्यायलाई प्राथमिकता दिने नीति अपनाउन सकोस्।

भ्रष्ट्रचार रहित, सुशासनयुक्त पारदर्शी र पूर्ण जनताप्रति उत्तरदायी सरकार बनाउन सफल रहोस्।

यस्तो नेपाल मात्र आजको आन्दोलनको बलिदानप्रति सच्चा श्रद्धाञ्जली हुनेछ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश






## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# देशको आँसु कसले पुछ्ने ?



रमेश कुमार बोहोरा

देश नयाँ युगमा प्रवेश गर्ने क्रममा संक्रमणकालको उत्कर्षमा रहेको छ। आन्दोलनकारी जेनजी भावी नेतृत्व चयनको बहसमा केन्द्रित छ, नेपाली सेना जनताको सुरक्षामा खटिएको छ। तर, यो अत्यन्त तरल अवस्थामा सरकारविहीनता लम्बिनु घातक छ।

अहिलेको समय भावना, आक्रोश आवेग मात्र नभई लोकतान्त्रिक पद्धतिको समेत ख्याल गर्नुपर्नेछ। आन्दोलनको बलमा जे गरे पनि हुन्छ भन्ने गलत अभ्यासले कालान्तरमा देशलाई नै घाटा हुन्छ।

अहिले मुलुक रोइरहेको छ, नेपाल आमाको आँखाबाट बगिरहेको आँसु पुछ्ने सवाल केवल आन्दोलनको म्याण्डेट मात्र होइन, संवैधानिक, कानुनी हुँदै सामाजिक देशको ऐतिहासिक पक्षसंग पनि जोडिएको छ।

छोटो समयको आन्दोलनले जे गर्यो त्यो ऐतिहासिक छ, आन्दोलनका नाममा जेजस्तो प्रहार राष्ट्रको धरोहरहरुमा भयो त्यो पनि ऐतिहासिक नै। अब यिनको पुनःनिर्माण ठूलो प्रश्नको रूपमा खडा भएको छ। मेटिएका, जलेर खरानी भएका ऐतिहासिक दस्तावेजहरुको सवलीकरण ठूलो चुनौति बनेको छ। सेवा प्रवाह अर्को कठीन अवस्था बन्दैछ।

सिंहदरबारदेखि संसद भवन, सर्वोच्च अदालतदेखि प्रहरी कार्यालयसम्म, अभिलेखालयदेखि सडक विभागसम्म, सम्पूर्ण राज्य संयन्त्र खरानीमा परिणत हुनु केवल भौतिक क्षति होइन लोकतान्त्रिक मूल्य र प्रणालीलाई नै गम्भीर क्षति पुग्नु हो।

देशको इतिहास जलेर खरानी भयो, भूगोल र सीमासम्बन्धी कागजात हराए, कैयौं अपराधी जेलबाट मुक्त भए। यस्तो परिस्थितिमा मुलुकले कुन बाटो रोज्ने भन्ने प्रश्नले सबैलाई सताएको छ र यी प्रश्नहरुको उत्तर निकाल्दै आन्दोलनकारीहरुको भावना बुझ्ने र देशलाई सहज गति दिने नेतृत्व अहिले चाहिएको छ।

जेनजी पुस्ताले सुरु गरेको आन्दोलन सुरुवातीमा शान्तिपूर्ण मागको रूपमा सुरु भए पनि हिंस्रक रुप लिंदै जानु यस पुस्ताको असंगठित नेतृत्वको परिणाम पनि हो। जसले गर्दा राष्ट्रपति र प्रधानसेनापतिले वार्ताका लागि आह्वान गरे पनि प्रतिनिधि चयन हुन सकेन। देशको अन्तरिम नेतृत्व गर्ने पात्रको चयन झन धेरै परको विषय बन्दा यसले थप अन्योल सिर्जना गरेको छ।

हुन त जेनी आन्दोलनन सत्ता ढाल्ने योजनाबाट भएकै थिएन। उनीहरु आफ्ना आवाज सडकमार्फत सरकारसम्म पुर्याउन मात्र चाहन्थे। त, परिस्थिति यस्तरी उल्टियो कि सरकारले आफ्नै खुट्टामा बन्चरो हान्यो। देश सरकारविहीन भयो, दलका नेताहरुको अस्तित्व मेटिन पुग्यो।

अहिलेको परिस्थितिमा लोकतान्त्रिक निकास के हो भन्ने सवाल अझै खुला छ। आन्दोलनले नयाँ मोड लिएपछि जेनजी पुस्ताले संसद विघटनदेखि अन्तरिम नागरिक सरकारको अवधारणा अघि सारेका छन्।

यसका लागि पनि संविधान बमोजिम नै प्रक्रिया अघि बढाउनुपर्दछ। संविधानविद्हरूले संसद् कायम भएको अवस्थामा संसदभित्रकै बाटो खोज्नुपर्ने सुझाव दिएका छन्। तर आन्दोलनले संसदप्रतिको अविश्वास प्रकट गरिरहेको छ। यहीँबाट अर्को संकट सुरु भएको छ। राष्ट्रपतिद्वारा संसद विघटनको घोषणा, नयाँ निर्वाचनको आव्हानसहित अन्तरिम मन्त्रिपरिषद् गठनको आव्हान गर्नुपर्दछ।

तयारी यसैको छ, तर प्रश्न कसको नेतृत्वमा सरकार ? सबैले रुचाएको को हो ? शतप्रतिशत कोही पनि छैन, जनताको भावना बुझ्ने, युवा पुस्तालाई समेट्नसक्ने, र राजनीतिक कूटनीतिक क्षमता भएका व्यक्ति अहिलेको खोजी हो। अहिले असंगठित युवाहरुको आन्दोलनले मुलुकलाई नयाँ युगमा प्रवेश गयो, तर गम्भीर राजनीतिक संकट पनि निम्तियो।

विगतका आन्दोलनहरु संगठित थिए र सत्ता ढल्नासाथ अर्को सत्ता बन्यो। तर, अहिलेका अवस्था फरक छ। यो अवस्थालाई अरु लम्बिन दिनु भनेको मुलुकको अस्तित्वमाथि नै प्रश्न उठ्नु हो। अन्तर्राष्ट्रिय दृष्टान्त पनि यसमा सान्दर्भिक छन्।

अरब वसन्तले ट्युनिसियामा परिवर्तन ल्यायो तर इजिप्ट र लिबियामा नेतृत्वविहीन आन्दोलन अराजकता र अस्थिरतामा परिणत भयो नेपालको अहिलेको अवस्था त्यही खतरातर्फ धकेलिएको छ। सबैपक्ष गम्भीर हुनु आवश्यक छ।

आवेग र आक्रोशले मात्र देश बन्दैन। यसर्थ व्यापक परामर्श आवश्यक छ। संविधानविद्हरूले मध्यमार्गी निकास सुझाएका छन्। संसद विघटनको माग आधिकारिक रूपमा जेनजी पुस्ताले उठाएका छैनन् बरु मेयर बालेन्द्र शाहले सार्वजनिक रूपमा बोलेका हुन्। संसद विघटन सहज प्रक्रिया होइन।

यो केवल उद्देश्यपूर्ण अवस्थामा मात्र सम्भव हुन्छ र त्यसका लागि राष्ट्रपति, आन्दोलनकारी नेतृत्व र नेपाली सेनाबीच सहमति आवश्यक हुन्छ। सेनाबिना कुनै पनि राजनीतिक निर्णय दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने तथ्य इतिहासले प्रमाणित गरिसकेको छ।

अहिलेको प्रमुख बहस 'राष्ट्रिय सरकार' वा 'अन्तरिम नागरिक सरकार' भन्ने छ। संविधानअनुसार संसदभित्रका सदस्यले सरकार बनाउन सक्छन्। तर आन्दोलनले त्यसलाई मान्यता दिने सम्भावनै छैन र त्यो दिशामा जाने पनि होइनन।

यस्तो अवस्थामा सबै पक्षलाई समेट्ने, प्रतिनिधित्व हुने, समावेशी र सर्वस्वीकार्य सरकार नै निकास बन्नसक्ने देखिन्छ। यस्तो सरकारले आन्दोलनकारी युवाहरूलाई पनि प्रतिनिधित्व दिलाउनुपर्छ जसले आन्दोलनलाई वैधता दिनेछ।

अन्तरिम सरकार छोटो अवधिको समाधान हो। यसले तत्कालीन माग सम्बोधन गरेर निकास दिन सक्छ र ६ महिनाभित्र चुनाव गराएर नयाँ जनादेशअनुसार स्थायी सरकार गठन गर्न सकिन्छ।

यस्तो सरकार बनाउन राष्ट्रपति र सेनाको सक्रियता जारी छ। राजनीतिक दलहरुले पनि जेनजीकै माग र चाहना अनुसार होस् भनिसकेकाले यो सहज छ तर, नेतृत्व कसको ? त्यो नेतृत्वले देशको जटिल अवस्थालाई हाँक्न सक्छ कि सक्दैन ? यो गम्भीर प्रश्न कायम छ।

जेनजी पुस्ताले आन्दोलन हिंस्रक नभएको, बाह्य घुसपैठ र आपराधिक समूहको संलग्नताले हिंसा भएको दाबी गरेका छन्। उनीहरूले भएको धनजनको क्षतिबारे निष्पक्ष छानबिन माग गरेका छन्। तर, माग कोसमक्ष ? देशमा सरकार छैन। यसका लागि द्रुत पहल आवश्यक छ। आवेग होइन, संविधान टेकेर अघि बढ्नैपर्छ। अन्यथा आन्दोलनको विश्वास र वैधता गुम्नेछ।

अन्तर्राष्ट्रिय दृष्टान्तले देखाउँछ सर्बिया, ट्युनिसिया, दक्षिण अफ्रिकामा नागरिक आन्दोलनले राष्ट्रिय सरकार वा संक्रमणकालीन सरकारमार्फत निकास दिएको थियो। तर लिबिया र सिरियामा नेतृत्वविहीन आन्दोलन अराजकता, गृहयुद्ध र विदेशी हस्तक्षेपमा परिणत भयो। नेपाल कुन बाटो जान्छ भन्ने आजको निर्णयमा भर पर्छ।

आज पत्रकारिता, नागरिक समाज र बुद्धिजीवीहरूको भूमिका महत्त्वपूर्ण छ। उनीहरूले केवल आलोचना मात्र होइन निकासका व्यावहारिक सुझाव दिनुपर्छ। नागरिकले संयमता र जिम्मेवारीका साथ सहभागिता जनाउनुपर्छ।

आन्दोलनकारीले संगठनात्मक क्षमता बढाउँदै वैकल्पिक नेतृत्व निर्माण गर्नुपर्छ। राजनीतिक दलहरूले राष्ट्रहितलाई प्राथमिकता दिनुपर्छ। सेना र राष्ट्रपतिले स्थायित्व कायम गर्न संवैधानिक सीमाभित्र रहनुपर्छ।

देश अहिले गम्भीर मोडमा छ। एउटा बाटो अराजकता, विघटन र दीर्घकालीन अस्थिरतामा लैजाने छ भने अर्को बाटो संवाद, सहमति र संस्थागत स्थायित्वतर्फ लैजानेछ। कुन बाटो रोज्ने भन्ने निर्णय आजको नेतृत्व र नयाँ पुस्ताले गर्नुपर्नेछ। यदि असफल भयौं भने केवल संरचना मात्र होइन, सम्पूर्ण राष्ट्र अस्तित्वमै संकटमा पर्छ।

देशको आँसु पुछ्ने काम केवल भावनाले सम्भव हुँदैन। यो काम गर्न दूरदृष्टि, जिम्मेवारी र साहस चाहिन्छ। त्यो जिम्मेवारी अब सबैले बाँड्नुपर्छ पुराना दल, नयाँ पुस्ता, सेना, राष्ट्रपति, नागरिक समाज र आम जनता सबैले। साझा जिम्मेवारी मात्र यो संकटलाई निकास दिन सक्छ। अन्यथा देशको आँसु अझै लामो समयसम्म बगिरहनेछ।

*(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ।)*

# जागौं देशवासी, भ्रष्टाचार र छलकपटबाट मुक्ति लिऔं

डा. राजीव झा
उपाध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी



नेपालमा अहिले देखिएको राजनीतिक संकट नयाँ होइन। दशकौंयता कांग्रेस, कम्युनिस्ट वा अन्य नामधारी पार्टीहरूले जनताको सेवा गर्ने भन्दै राजनीतिमा प्रवेश गरे पनि तिनको अभ्यासले देखाएको सन्देश फरक छ। विचार र सिद्धान्तको आधारमा होइन, व्यक्तिवाद र परिवारवादकै आधारमा तिनले देशलाई शोषणको चक्रमा बाँधिरहेका छन्।

केपी ओली, प्रचण्ड, देउबा जस्ता नेताहरू पालैपालो सत्तामा पुगे तर जनताको जीवनस्तर सुधार भएन। हरेकको पालामा भ्रष्टाचार ढाकछोप गर्ने, आफन्तलाई पद बाँड्ने, अवैध सम्पत्ति सुरक्षित गर्ने जस्ता कार्य मात्रै प्राथमिकता बने। ललिता निवासदेखि भुटानी शरणार्थी प्रकरण, सुनकाण्ड, वाइडबडी, ओम्नी, भिजिट भिसा, बांसबारी लगायतका असंख्य घोटालाले देखाएको सन्देश स्पष्ट छ - जनताको शिक्षा, स्वास्थ्य, रोजगारी, विकास, सुरक्षाजस्ता आधारभूत मुद्दा कहिल्यै प्राथमिकतामा परेनन्।

राणा-राजाबाट पाएको पीडालाई जनताले प्रजातन्त्र र गणतन्त्र ल्याएर अन्त्य गर्ने सपना देखे। तर दुर्भाग्य, प्रजातन्त्र र गणतन्त्र पनि व्यक्तिवादी नेताको दास बनेर जनताको आशा पूरा गर्न असमर्थ भयो।

आज आवश्यकता छ जागरणको, सजगताको, र आवाज उठाउने साहसको। जातीय, भाषिक वा क्षेत्रीय पहिचानलाई विभाजनको हतियार बनाउन होइन, अधिकार र सहभागिताको आधारमा नयाँ समाज निर्माण गर्न आवश्यक छ। मधेसी, जनजाति, दलित, महिला, युवा सबैको आवाज एक ठाउँमा ल्याएर मात्र भ्रष्टाचार र अन्यायविरुद्ध निर्णायक लडाइँ लड्न सकिन्छ।

हामीसँग नेतृत्वको कमी छैन, तर नेतृत्व त्यस्तो चाहिन्छ जसले देशको हितलाई व्यक्तिगत स्वार्थभन्दा माथि राखोस्। नेतृत्व त्यस्तो चाहिन्छ जसले विविध पहिचानलाई समेटेर समावेशी समाज निर्माण गर्ने बाटो खोलोस्। नेतृत्व त्यस्तो चाहिन्छ जसले जातिवाद, क्षेत्रवाद र विभाजनकारी राजनीति अस्वीकार गरोस्।

आह्वान

– जागौं देशवासी!

– भ्रष्टाचारविरुद्ध एकजुट बनौं!

– जातीय विभाजनको राजनीति छोडौं!

– मधेसी, जनजाति, दलित, महिला, युवा सबै समुदायका अधिकारका लागि आवाज उठाऔं!

– व्यक्तिवाद होइन, जनहितमूलक नेतृत्व चाहिन्छ - छलछाल होइन, विकास चाहिन्छ!

हामीले प्रमाणित गर्नुपर्छ - राजनीति जनताको सेवा हो। चुनौती ठूलो छ, तर जनताको एकता अझ ठूलो छ। आउनुहोस्, हामी सबै मिलेर नयाँ युगको शुरुवात गरौं।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# अन्तरिम सरकार शिघ्र गठन गर्न आग्रह

जेन जीद्वारा आह्वान गरिएको भ्रष्टाचार विरोधी आन्दोलनको सफलता पश्चात देशमा विद्यमान तरल अवस्थाका सन्दर्भमा मानव अधिकार तथा शान्ति समाज निम्न आग्रह गर्दछ ।

१. युवा पुस्ता जेन जी को आह्वानमा भएको भ्रष्टाचार विरोधी आन्दोलनको सफलता नेपालको इतिहासमा अभुतपुर्व घटना हो । साथै सो आन्दोलनका दौरान घटेका केही घटनाहरु अत्यन्त दुखद छन् । भदौ २३ गते भ्रष्टाचारको विरोध गर्दै प्रदर्शनमा उत्रिएका नेपाल आमाका १९ जना सन्तानलाई तत्कालिन भ्रष्ट एवं कर्तव्यच्युत सरकार जोगाउन अन्धाधुन्ध तवरले गोली हानी हत्या गरेको घटनाको जति निन्दा गरेपनि कम हुने धारणा शान्ति समाजले सोही दिन सार्वजनिक गरिसकेको छ । त्यसैका कारण देशभरी उत्पन्न तिव्र आक्रोश र कम्पनबारे सबै जानकार छन् । तर यो आन्दोलनको सफलतापछि सार्वजनिक सम्पत्तिमा भएको ठुलो क्षति, निजी सम्पत्ति लुटपाट, केही प्रेस संस्थाहरुमा भएको तोडफोड र आगजनि लगायतका घटनाहरु दुर्भाग्यपुर्ण छन् । अहिंसाको दर्शनमा गहन आस्था राख्ने शान्ति समाजले सदैव यस्ता घटनाको निन्दा गर्दै आएको छ । इतिहासले यस्ता घटनाको जहिले पनि हिसाब माग्छ ।

२. आन्दोलनको सफलतापछि देशमा एक किसिमको रिक्तता उत्पन्न भएको छ । सरकार छैन । प्रहरीहरु पुर्ण रुपमा कार्यक्षेत्रमा फर्कन सकेका छैनन् । प्रशासन सुचारु भएको छैन । झण्डै कानुन विहिनताको अवस्था सिर्जना भएको बेला नेपाली सेनाको सार्थक पहल उल्लेखनिय छ । देशमा रिक्तताको स्थिति घातक हुन सक्छ । तसर्थ चाडो भन्दा चाडो अन्तरिम सरकार गठन हुनुपर्छ । जेन जी को माग अनुरुप त्यस्तो नियुक्ति सम्माननीय राष्ट्रपतिबाट चाडै हुनेमा शान्ति समाज आशावादी छ ।

३. जेन जी ले आन्दोलन आह्वान गर्दा मूलत भ्रष्टाचारको विरोध र स्वतन्त्रताको पक्षमा केन्द्रित रहेको प्रष्ट छ । भ्रष्टाचारमा संलग्न विभिन्न दलका शिर्ष नेताहरुलाई कारबाहीको कानूनी प्रक्रिया आगाडी बढाउनुपर्छ जुन काम अन्तरिम सरकारले अघि बढाउने विश्वास छ । आन्दोलनको घोषित आंकाक्षा विपरित नागरिक स्वतन्त्रता र सर्वोच्चता माथि घात गर्ने कुनै पनि कदम वा पहल स्विकार्य हुदैंन । विशेषत: लोकतान्त्रिक गणतन्त्र र नागरिक स्वतन्त्रतामाथि घात गर्ने प्रयत्न भयो भने त्यो अस्विकार्य र आत्मघाति हुन सक्ने तथ्य शान्ति समाज प्रष्ट गर्दछ । अन्तरिम सरकारको मुल दायित्व नागरिक र सार्वजनिक सम्पत्तिको सुरक्षा, कानुन र व्यवस्थाको पुर्नवहाली, अहिंसा सद्भाव र सहिष्णुताका आदर्शहरुको प्रवर्द्धन, पुननिर्माण र स्वतन्त्र निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नु हुनेछ ।

४. नेपालको संविधान लागु भएको एक दशक पुगेको छ । संविधान संसोधन निरन्तर चलिरहने प्रक्रिया हो । यो संविधान संसोधनको बहसलाई सार्थक रुपमा अघि बढाउने गहन दायित्व पनि अब जेन जी पुस्तामा आएको छ तर संविधान संसोधनको दायित्व अन्तरिम सरकारले गराउने निर्वाचन पश्चात गठन हुने नयाँ संसदको हो भन्ने धारणा शान्ति समाज सबैलाई स्मरण गराउँछ ।

समाजका तर्फबाट
रेनुका पौडेल
सभापति, मानव अधिकार तथा शान्ति समाज, केकास

# 'जिहादी' आक्रमणविरुद्ध काठमाडौंमा प्रदर्शन

काठमाडौं । काठमाडौंको माईतिघर मण्डलामा मंगलबार राष्ट्रिय एकता अभियानले गरेको प्रदर्शनले धनुषामा भएको 'जिहादी' आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै निष्पक्ष छानबिन र पक्राउ परेका आफ्ना दुई नेता मनिष हिन्दु र जितेन्द्र दासको तत्काल रिहाइको माग गरेको छ ।

उपत्यकाका विभिन्न भागबाट आएका सहभागीहरूले प्लेकार्डसहितको जुलुसमा भाग लिए। उनीहरूले प्रहरी प्रशासनले वास्तविक दोषीलाई कारबाही नगरी नेताहरूमाथि झूटो मुद्दा लगाएको दाबी गर्दै नाराबाजी गरेका हुन् । प्रदर्शनकारीहरूले घटनालाई धार्मिक समुदायमाथि लक्षित आक्रमणका रूपमा व्याख्या गर्दै राज्यको मौनतालाई अस्वीकार्य भने ।

वक्ताहरूले घटनाप्रति सरकारले देखाएको उदासीनतालाई आलोचना गरे। उनीहरूले वास्तविक दोषीलाई कारबाही नगरी नेताहरूलाई पक्राउ गर्नु न्यायको आधारभूत मान्यताविपरीत भएको बताए। अभियान एक नेताले भने, "रुपैठामा भएको आक्रमणका दोषीलाई कारबाही नगरी नेताहरूलाई जेल हाल्नु अनुचित छ। यो घटनाबारे सत्यतथ्य सार्वजनिक भई निष्पक्ष छानबिन हुनुपर्छ।"

मैतीघर मण्डला लामो समयदेखि विभिन्न सामाजिक र राजनीतिक आन्दोलनको प्रतीक स्थल बनेको छ। विगतमा शिक्षक आन्दोलनदेखि मानवअधिकारको सवालसम्म, यो चोकमा भएका प्रदर्शनहरूलाई सरकारले पटक-पटक बलपूर्वक नियन्त्रण गर्न खोजेको इतिहास छ। मंगलबारको प्रदर्शन पनि त्यही निरन्तरताको अर्को अध्याय बनेको छ, जहाँ प्रदर्शनकारीहरूले न्याय र समान सुरक्षाको प्रत्याभूति खोजिरहेका थिए।

प्रदर्शनले राज्यप्रतिको अविश्वास र समुदायबीचको असुरक्षाबोधलाई पुनः सतहमा ल्याएको छ। सहभागीहरूले माग गरेका तीन बुँदा स्पष्ट थिए– पक्राउ परेका नेताहरूको तत्काल रिहाइ, धनुषा घटनामा संलग्न वास्तविक दोषीमाथि कारबाही, र सबै नागरिकको सुरक्षामा राज्यको तटस्थता। उनीहरूको भनाइमा, घटनाले नेपालमा सामाजिक सद्भाव र धार्मिक सहअस्तित्वबारे नयाँ बहसलाई जन्म दिएको छ। मैतीघरमा उठेको आवाजले एकपटक फेरि नेपालको लोकतान्त्रिक यात्रामा नागरिकहरूको सक्रिय भूमिकालाई प्रष्ट पारेको छ। आन्दोलनकारीहरूले चेतावनी दिएका छन् कि माग पूरा नभए देशव्यापी आन्दोलनको सम्भावना खुला हुनेछ ।




## नेपाल आर्ट एण्ड कल्चर फेस्टिवल सुरू, २३ दिनसम्म उपत्यका उत्सवमय हुने

काठमाडौं । नेपालमा पहिलो पटक 'नेपाल आर्ट एण्ड कल्चर फेस्टिवल-२०२५' शुक्रबारदेखि सुरु भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल कला परिषद् बबरमहलमा आयोजित एक औपचारिक समारोहमार्फत महोत्सवको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपाललाई विश्वमा चिनाउने प्रमुख आधारका रूपमा रहेका कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा सरकार र निजी क्षेत्र समान रूपमा अग्रसर हुनुपर्ने बताएका छन् ।

राष्ट्रपति पौडेलले भने, "लोकतन्त्रमा सबै वर्ग र पेशाका मानिसलाई समान अवसर प्राप्त हुन्छ । त्यसैको सदुपयोग गर्दै हाम्रो प्राचीन धरोहर, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नु हाम्रो साझा दायित्व हो ।" उनले नेपालको सांस्कृतिक सम्पदा अध्ययन, अवलोकन र अनुसन्धानका लागि वर्षेनी लाखौं पर्यटक आउने भएकाले सम्पदाको संरक्षणमा सम्पदाप्रेमी सधैं सचेत रहनुपर्ने पनि बताए ।

सोही कार्यक्रममा शुभकामना मन्तव्य दिँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले महोत्सवलाई नेपालको सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्नुपर्ने बताएका छन् । उनले भने, "नेपालको संस्कृति र प्रकृतिका कथा र यसको संरक्षणमा हाम्रा पुर्खाहरुले पुऱ्याएको योगदानका कथाहरु संसारलाई सुनाउन र चिनाउन यस किसिमको महोत्सव उपयोगी हुने मेरो विश्रुवास छ ।"

मन्त्री पाण्डेले यस महोत्सवलाई वार्षिक क्यालेन्डरमा समेट्दै हरेक वर्ष अझ विस्तृत र व्यवस्थित रूपमा आयोजना गरिने जानकारी दिए । कार्यक्रममा शुभकामना मन्तव्यका दिँदै नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपाल प्राय: पर्वतीय र साहसिक पर्यटनका लागि चिनिए पनि यो महोत्सवमार्फत नेपाललाई 'कला र सांस्कृतिक धरोहरहरूको भण्डार' का रूपमा प्रस्तुत गर्न लागिएको बताए । सीईओ जोशीले अहिले पर्यटनका हिसाबमा 'अफसिजन' समय भनेर प्रचार गरिए पनि हाम्रो सांस्कृतिक प्रदर्शनीमार्फत् पर्यटकहरु तान्रुन सकिने समेत बताएका छन् । उनले थपे, "हाम्रो विशिष्ट संस्कृतिलाई जगेर्ना गर्दै संसारभर प्रचार गर्न सके पर्यटन आम्दानी बढ्ने मात्र होइन, नेपालको समृद्धिमासमेत प्रत्यक्ष योगदान पुग्नेछ ।"

नेपाल आर्ट काउन्सिलका अध्यक्ष सागर शमशेर राणाले यस्ता सांस्कृतिक पर्वहरूले नेपाललाई मात्र नभई अन्तर्राष्ट्रिय स्तरमै ठूलो महत्व राख्ने भएकाले यसलाई 'वैश्विक सांस्कृतिक पर्व' को रूपमा विस्तार गर्ने लक्ष्य राखिएको जानकारी दिए । काठमाडौं उपत्यकाका चारवटै शहर काठमाडौं, ललितपु, भक्तपुर र किर्तिपुरका विभिन्रुन ठाउँमा २३ दिनसम्म चल्ने महोत्सवमा ४० भन्दा बढी कार्यक्रम हुनेछन् । जसमा १५४ कलाकारका २७३ कलाकृति प्रदर्शनीमा राखिने छन् । साथै, सांस्कृतिक प्रदर्शनी, कला-कौशल, संगीत-नृत्य, परम्परागत परिकार र जीवित संस्कृतिको अनुभव गर्ने अवसर उपलब्ध हुने छ ।

नेपाल पर्यटन बोर्ड, नेपाल आर्ट काउन्सिल र नेपाल होटल व्यवसायी संघलगायतको आयोजना र काठमाडौं उपत्यका र निजी क्षेत्रको सहकार्यमा इन्द्र जात्राको अवसरमा शुभारम्भ भएको महोत्सव असोज ११ गतेसम्म चल्नेछ । "नेपालको शाश्वत कला, संस्कृति, खानपान र सम्पदाको उत्सव" भन्ने नारासहित सुरु भएको महोत्सवले उपत्यकाका पुराना शहरलाई उत्सवमय बनाउने र पर्यटनसँगै सांस्कृतिक गौरवलाई विश्वमञ्चमा पुऱ्याउने बोर्डको विश्वास छ ।

## मधेशमा बढ्दो जेहादी गतिविधिप्रति चिन्ता व्यक्त

बारा । जिल्लाको परवानीपुर गाउँपालिका-५, रामपुरमा जेहादी आतंकवाद विरुद्धको जनजागरण अभियानअन्तर्गत राष्ट्रिय एकता अभियानले भेला सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख वक्ता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले मधेश प्रदेशमा बढ्दो जेहादी गतिविधिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नेपाललाई पुन: हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने आवश्यकता औंल्याएका हुन् । उनले विश्वशान्तिका लागि हिन्दू दर्शनको विश्वव्यापी प्रचार-प्रसार अपरिहार्य भएको बताउँदै, राष्ट्रिय एकता अभियानले यही अभियानलाई अघि बढाइरहेको उल्लेख गरे ।

त्यसैगरी समाजसेवी एवं हाड-जोर्नी विशेषज्ञ डा. अजय यादवले नेपालका राजनीतिक दलहरूले सनातन संस्कृति र मूल्यप्रति देखाएको उदासीनताका कारण देशमा जेहादी घुसपैठ बढ्दै गएको बताए। उहाँले हिन्दुत्वको संरक्षणमा नागरिक सचेतना आवश्यक रहेको जोड दिए ।

भेलामा अभियानका अवधेश मण्डल, रामाशीष यादव तथा संरक्षक सेवक सौरभनाथ बाबालगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा अभियानी सन्दीप रायभरले सञ्चालन गरेका थिए ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिबिम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

राष्ट्रिय साप्ताहिक मधेशवाणी जि.प्र.का.का. द.नं. ०२३/०६२/०६३ म.क्षे.हु.नि.द.नं. ३४/०६७/०६८ **विविध** २०८२ भाद्र २७ गते शुक्रबार

# नेपाल र भारतबीच न्यायिक अभ्यास र अनुभव साटासाट




काठमाडौं । भारतका प्रधानन्यायाधीश भूषण गवईले दुई देशबीच न्यायिक अभ्यास र अनुभव साटासाट हुँदै आएको बताउँदै आगामी दिनमा संवाद र सहकार्य अझै गहिरो बनाउने प्रतिबद्धता जनाएका छन्।

नेपाल-इन्डिया जुडिसियल डाइलगमा सहभागी हुन नेपाल आएका गवईले नेपाल र भारतले न्याय प्रणालीमा सहकार्य गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याएका हुन्।

उनले न्यायालयलाई केवल कानुनको व्याख्याता मात्र नभई लोकतन्त्र र संविधानको रक्षकका रूपमा चित्रित गर्दै, नेपालले गरेका केही महत्वपूर्ण फैसलाहरूलाई आफूले सन्दर्भको रूपमा लिने गरेको उल्लेख गरे। गावई नेपालमा औपचारिक भ्रमणमा रहेका छन्। उनी प्रधानन्यायाधीश प्रकाश मान सिंह राउतको निमन्त्रणामा नेपाल आएका हुन् ।

डाइलगमा उनले न्यायपालिकाको बदलिँदो भूमिकामा प्रकाश पारेका छन् र हालका न्यायनिर्णय तथा न्यायिक सुधारहरूबारे छलफल गरेका छन्।

साथै, अप्रिल २०२५ मा भारतको सर्वोच्च अदालत र नेपालको सर्वोच्च अदालतबीच न्यायिक सहकार्य मजबुत पार्न सम्झौता पत्रमा हस्ताक्षर भएको थियो।

# भारतका प्रधानन्यायाधीशद्वारा लुम्बिनी भ्रमण



काठमाडौं । भारतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गवईले शान्तिका अग्रदुत गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको भ्रमण गरेका छन् ।

न्यायपालिकाको सर्वोच्च जिम्मेवारी सम्हालेपछि उनको यो पहिलो नेपाल यात्रा हो भने, लुम्बिनी आगमनलाई उनले विशेष आध्यात्मिक अवसरका रूपमा लिएका छन्।

शनिबार बिहान लुम्बिनी प्रवेश गरेका गवईलाई लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे छिरिङ), सदस्य-सचिव सानुराजा शाक्य, कार्यकारी सदस्य श्याम रोक्का, वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईसहित कोषका अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।

भ्रमणका क्रममा गवईले लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्वबारे जानकारी लिएका थिए ।

उनले मायादेवी मन्दिर परिसरमा पुगेर बुद्ध जन्मस्थल अवलोकन गर्दै शुत्रपाठ गरेका थिए । साथै, विश्व शान्ति, मानव कल्याण, नेपालको प्रगति र भारत-नेपालबीचको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ होस् भन्ने कामना गर्दै दियो प्रज्वलनसमेत गरेका थिए ।

लुम्बिनी भ्रमणपछि गवईले लुम्बिनी विकास कोषका पदाधिकारीहरूसँग गुरुयोजना र हाल सञ्चालनमा रहेका विकास-निर्माणका गतिविधिबारे चासो देखाएका थिए ।

कार्यकारी सदस्य श्याम रोक्काका अनुसार गवईले लुम्बिनीलाई अन्तर्राष्ट्रिय स्तरमा थप प्रचार-प्रसार गर्न नेपालले गरेको प्रयासको प्रशंसा गर्दै यस क्षेत्रमा भारतको सहकार्य निरन्तर रहने विश्वास पनि व्यक्त गरेका थिए भने प्रधान न्यायाधीश गवईलाई उपाध्यक्ष डा. लामाले बुद्धको मुर्ति उपहार प्रदान गरेका थिए ।

प्रधानन्यायाधीश गवई नेपालमा आयोजना हुने 'नेपाल-इन्डिया जुडिसियल डाइलग' कार्यक्रममा सहभागी हुन आएको अवसरमा लुम्बिनी पुगेका हुन् । प्रधान न्यायाधीश गवईको यस भ्रमणले लुम्बिनीमार्फत नेपालको पर्यटन, सांस्कृतिक र धार्मिक महत्त्व अझै उच्च स्तरमा पुग्ने विश्वास लुम्बिनी विकास कोषले व्यक्त गरेको छ ।

# शान्तिपूर्ण संवादमार्फत विवाद समाधान गर्न आग्रह भारतको आग्रह

काठमाडौं । नेपालमा भइ रहेका हालका घटनाप्रति भारतले गहिरो दु:ख व्यक्त गरेको छ।



भारतले हिंसात्मक प्रदर्शनका क्रममा ज्यान गुमाएका युवा प्रदर्शनकारीप्रति समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। भारतीय विदेश मन्त्रालयले मंगलबार जारी गरेको विज्ञप्तिमा सबै पक्षलाई संयमता अपनाउन र विवादलाई शान्तिपूर्ण संवादमार्फत समाधान गर्न आग्रह गरिएको छ।

भारतले काठमाडौंसहित नेपालका विभिन्न शहरमा कर्फ्यू जारी भएको अवस्थामा आफ्ना नागरिकलाई सतर्क रहन तथा नेपाली अधिकारीहरूले जारी गरेका निर्देशन पालना गर्न सिफारिस गरेको छ।

# शान्ति व्यवस्था कायम राख्न मोदीको अपिल

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा भएको हिंसा हृदयविदारक भएको बताएका छन् । मंगलबार राति सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै प्रधानमन्त्री मोदीले धेरै नेपाली युवाहरूले आफ्नो ज्यान गुमाउनु परेकोमा आफ्नो मन अत्यन्तै विचलित भएको बताएका छन् ।

उनले नेपालको स्थिरता, शान्ति र समृद्धि अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै सबै नेपालीलाई शान्ति-व्यवस्था कायम राख्न विनम्रतापूर्वक अपिल गरेका छन् ।



उनले भनेका छन्- 'आज दिनभरिको भ्रमणबाट फर्किएपछि सुरक्षा सम्बन्धी मन्त्रिपरिषद् समितिको बैठकमा नेपालको घटनाक्रमहरूको बारेमा विस्तृत छलफल भयो । नेपालमा भएको हिंसा हृदयविदारक छ । धेरै युवाहरूले आफ्नो ज्यान गुमाउनु परेकोमा मेरो मन अत्यन्तै विचलित छ । नेपालको स्थिरता, शान्ति र समृद्धि अत्यन्त महत्त्वपूर्ण छ । म नेपालका सबै मेरा दाजुभाइ तथा दिदीबहिनीहरूलाई शान्ति-व्यवस्था कायम राख्न विनम्रतापूर्वक अपिल गर्दछु ।'


## होर्डिङ्ग बोर्डमार्फत् विज्ञापन गर्दा के गर्ने ?

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजस्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न,

- स्थानीय तहमा निवेदन दिऔं,
- अनुमति प्राप्त नगरी होर्डिङ्ग नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरि राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं